# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २१ पूर्णाङ्क ७० | २०७४ मंसिर ११ गते सोमबार | Monday, November 27, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशले एक शोक वक्तव्य जारी गर्दै काभ्रे जिल्ला पार्टी सदस्य टेक ब. विकको दिवंगत हजुरआमा मख्खे विकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

क्रान्तिकारी माओवादीका ३ नं. प्रदेश संयोजक दिनेश शर्मा'सागर'ले जारी गरेको शोक वक्तव्यमा मख्खे विकको ७६ वर्षको उमेरमा निधन भएको उल्लेख गर्दै शोकसन्तप्त परिवार तथा सबै आफन्तजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

## पहिलो चरणको निर्वाचन सम्पन्न

# 'देजमो वैकल्पिक शक्तिको रुपमा स्थापित'

● वर्गदृष्टि संवाददाता





काठमाडौं । प्रदेश र प्रतिनिधिसभातर्फ पहिलो चरणको निर्वाचन छिटपुट घटनाकाबीच सम्पन्न भएको छ । ३२ जिल्लामा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभातर्फ ३७ र प्रदेशसभातर्फ ७४ सिटका लागि ७०२ जना उम्मेदवारहरु चुनावी प्रतिस्पर्धामा होमिएका थिए । निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिसहित उम्मेदवारी दिएको नेकपा (क्रान्तिकारी माओवादी)को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पहिलो चरणमा ३३ जना उम्मेवारलाई चुनावी मैदानमा उतारेको थियो । क्रान्तिकारी माओवादीको यो मोर्चाबाहेक निर्वाचनमा सहभागी भएका सबै पार्टीहरुले अहिलेको संसदीय व्यवस्था, सत्ता र संविधानलाई स्वीकार गरेका छन् भने देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले घोषित रुपमै संसदीय व्यवस्था, सत्ता र संविधानको विरोध तथा भण्डाफोर गर्दै आएको छ । "प्रतिक्रियावादी र दक्षिणपन्थी अवसरवादीहरुको भण्डाफोर गरौं, निर्वाचनको क्रान्तिकारी उपयोग गरौं" भन्ने नाराका साथ निर्वाचन उपयोगमा होमिएको मोर्चाले प्रतिक्रियावादी दलाल संसदीय व्यवस्था, संसदवादी पार्टीहरु र संविधानको जनताबीचमा भण्डाफोर गर्ने र नयाँ जनवादी क्रान्तिको लागि सांगठानिक आधार निर्माण गर्ने उद्देश्य राखेको थियो ।

यस उद्देश्यमा मोर्चा र मोर्चाका उम्मेदवारहरुले सफल रहेको दावी गर्दै भनेका छन्, "निर्वाचन उपयोगको कार्यनीतिबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई जनताबीचमा वैकल्पिक शक्तिको रुपमा स्थापित गराउन सफल भएका छौं ।" जनताको घर घरमा पुगेर पार्टी र मोर्चाको नीति तथा कार्यक्रमको बारेमा अन्तर्क्रिया छलफल गर्ने, संसदवादी दलहरुले गरेका जनविरोधी र राष्ट्रविरोधी क्रियाकलापको र उनीहरुले क्रान्तिकारी शक्तिका विरुद्धमा जनतामा छरेका भ्रमको चिरफार गर्ने कार्यलाई मोर्चाका नेता कार्यकर्ताहरुले व्यापकता दिएका छन् । जनताको घर घरमा पुगेपछि र आफ्ना कुरा बुझाएपछि क्रान्तिकारी माओवादी र मोर्चालाई जनयुद्धको वास्तविक उत्तराधिकारीको रुपमा बुझेको मोर्चाका उम्मेदवारहरुले बताएका छन् । आफूलाई निर्विकल्प दावी गर्दै आएका संसदवादी पार्टीहरुले मोर्चाले दिएको हस्तक्षेपपूर्ण उम्मेदवारी र जनतामा क्रान्तिकारी माओवादी र मोर्चाप्रति विस्तारै बढ्दै गरेको आकर्षण देखेर वेचैन महसुस गर्न थालेका छन् । प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादीहरुले जतिसुकै क्रान्तिकारी शक्तिलाई निषेध गर्न खोजेपनि वैकल्पिक राजनीतिक शक्तिको रुपमा अगाडि आउने देखेपछि मोर्चाका विरुद्ध उनीहरु थप षड्यन्त्रको तानावानामा लागेको मोर्चाका उम्मेदवारहरुले दावी गरेका छन् । (हेर्नुस ३ र ४ पेजमो उम्मेदवाहरुसँग कुराकानीका आधारमा तयार पारेको सामग्री) नयाँ जनवादी क्रान्तिमार्फत् जनताको गणतन्त्रमा आधारित संविधानको निर्माण नगरेसम्म वास्तविक अर्थमा विभेद, उत्पीडन र शोषणमा परेका जनवर्गको हित नहुने र राष्ट्रिय स्वाधीनताको पनि रक्षा गर्न नसकिने भन्दै क्रान्तिकारी माओवादीले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुको एउटा सुदृढ ध्रुव निर्माणमा जोड दिंदै क्रान्तिको तयारीमा अगाडि बढिरहेको छ ।

### भण्डाफोर र प्रचार प्रसार जारी

मंसिर २१ मा निर्वाचन हुने जिल्लाहरुमा देजमोका उम्मेदवारहरुले भण्डाफोरसँगै प्रचार प्रसारका कार्यक्रमहरुलाई तीव्र बनाइरहेका छन् । सबै प्रदेशका जिल्लाहरुमा सभा, कोणसभा, टोलसभा, घरदैलो, जनभेटघाट लगायतका कार्यक्रमहरु तीव्र रुपमा चलिरहेको उम्मेदवारहरुले जनाएका छन् । ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीका जिल्ला नेता राई प्रहरीद्वारा वेपत्ता



धरान। नेकपा (क्रान्तिकारी माओवादी) सुनसरी जिल्लाका सदस्य सूर्य राईलाई प्रहरीले रिहाई गरिएको दुईदिन नवित्तै पुनः पक्राउ गरी वेपत्ता पारेको छ ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा सुनसरी इन्चार्ज मनोज श्रेष्ठले दिएको जानकारी अनुसार राईलाई मंसिर ५ गते वेलुका ९ वजे धरान ...बाँकी ८ पेजमा

## विप्लब छोडी क्रान्तिकारी माओवादीमा प्रवेश



चितवन । नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी परित्याग गरी पार्टीका चितवन जिल्ला सदस्य तथा राष्ट्रिय युवा जनस्वयम्सेवकका केन्द्रीय समितिका सचिवालय सदस्य सुरश शर्मा'रघुवीर' मोहन वैद्य'किरण' नेतृत्वको ...बाँकी ८ पेजमा

## टोपी लाउने राजाहरु फाल्न बाँकी : गजुरेल

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)का बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले श्रीपेच लगाउने राजा हटेपनि टोपी लगाउने राजा फाल्न बाँकी रहेको बताउनु भएको छ ।

उहाँले अहिले राजा हटाएर गणतन्त्र आएकाले सबै अधिकार आयो भनेर प्रचार गर्ने गरिएको भन्दै यो सत्य नभएको बताउनु भयो । उहाँले माओवादीका केहि नेताहरुलाई गणतन्त्र आएको भएपनि अहिले लोकतन्त्रको आवरणमा टोपी लगाउने राजा स्थापित भएको बताउनु भयो ।

क्रान्तिकारी पत्रकार महासंघ रुपन्देहीले आइतबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उहाँले वर्तमान संविधानबाट जनताको मुक्ति नहुने दावी गर्नुभयो । उहाँले अहिले लोकतान्त्रिक र वाम गठबन्धनका नाममा मूलूकमा दुई दलीय तानाशाह निम्त्याउने खेल भइरहेको भन्दै यसले राजनितिलाई झन संकटमा पारेको बताउनु भयो ।

नेता गजुरेलले भन्नुभयो, 'गठबन्धनका नाममा दुई दलीय तानाशाह ल्याउन खोजिएको छ, यसको भण्डाफोरमा हाम्रो पार्टी लागेको छ ।' उहाँले काँग्रेस, एमाले र माओवादीले ३ प्रतिशत थ्रेसहोल्डको व्यवस्था गरेर बहुदलीय र लोकतान्त्रिक मान्यतालाई नै समाप्त पार्न खोजिएको बताउनु भयो ।

उहाँले आफ्नो पार्टीले मोर्चा मार्फत चुनावलाई उपयोग गरेको बताउँदै बर्तमान संविधानको खारेजी र संसदीय व्यवस्थाकै विरोधका लागि चुनावमा भाग लिएको उहाँको तर्क छ । पत्रकार सम्मेलन क्रान्तिकारी पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष टेक मास्की रानाको अध्यक्षता तथा सचिव मानबहादुर कुंवरको सञ्चालनमा सम्पन्न भएको थियो ।

यस्तैं आइतबारे अध्यक्ष गजुरेलले रुपन्देहीको क्षेत्र नं १ धकधई र कपिलबस्तुको चार नम्बरमा भएको सभालाई सम्बोधन गर्नुभएको छ । दुबै ठाउँमा भएको सभामा बोल्दैं गजुरेलले मुलुकमा दुई दलीय तानाशाह लाद्न खोजिएको दावी आरोप लगाउनु भएको छ ।

यसैबीच, देजमो रुपन्देहीले आइतबार चुनाबी प्रचार अभियान अन्तर्गत क्षेत्र नं २ का सैनामैनाको बनकट्टा,रानिबगिया,मुर्गिया लगायतका ठाउंमा घरदैलो गरेको छ । र, ठाउँ ठाउँमा कोणसभा गरिएको छ ।

## क्रान्तिकारी पार्टीहरुबीच एकता र ध्रुवीकरणको आवश्यकता : कँडेल


बुटवल । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का केन्द्रीय प्रवक्ता हरिभक्त कँडेलले क्रान्तिकारी पार्टीहरुबीच एकता र ध्रुवीकरण आवश्यक रहेको बताउनु भएको छ । उहाँले पार्टी एकता र ध्रुवीकरणका लागि पार्टी सम्बद्ध मोर्चा देजमोले क्रान्तिकारी उपयोगको रुपमा चुनाव उपयोग गरेको प्रष्ट पार्नु भयो । देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रुपन्देहीले बिहिबार बुटवलमा आयोजना गरेको चुनावी भेलालाई सम्बोधन गर्दैं प्रवक्ता कँडेलले सो कुरा बताउनु भएको हो ।

प्रतिगामी र प्रतिक्रियावादी शक्तिले क्रान्तिकारी माओवादीलाई घेराबन्धी गरेको बताउँदै उहाँले त्यसलाई परास्त गर्न आफुहरु लागि परेको बताउनु भयो । तत्कालिन जनयुद्धका नायक प्रचण्ड खलनायक भैदिंदा क्रान्तिले धक्का खाएको बताउँदै नेता कँडेलले जनताको व्यवस्था स्थापना गर्ने तयारीमा लागेको बताउनु भयो । साम्रज्यवादीको दबाबमा मुलुकमा थ्रेसहोल्ड लगाएको दावी गर्दैं उहाँले क्रान्तिकारी पार्टीलाई त्यसले खासै असर नपर्ने बताउनु भयो ।

पश्चगामी संविधानको खारेजी र जनगणतन्त्रात्मक संविधान निर्माणका लागि मुठ्ठी चुनाव चिन्हमा मतदान गरेर देजमोका उम्मेदवारलाई जिताउँन उहाँले आग्रह गर्नुभयो । यसैबीच देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रुपन्देही क्षेत्र नं २ अन्तरगत बुटवल उपमहानगरपालिका वडा १,२,१२,१३ मा बिहिबार मोर्चाले उम्मेदवारसहित घरदैंलो तथा जनभेटघाट कार्यक्रम सम्पन्न गरेको जनाएको छ ।

भेटघाटका क्रममा उम्मेदवार दलबहादुर छन्त्याल,रामप्रसाद पोख्रेल,खुमान्द भुसाल लगायतसँग मतदाताले आ-आफ्ना समस्या राखेको मोर्चाले जनाएको छ । उता रुपन्देही क्षेत्र नं १,३,४ र ५ मा पनि मोर्चाका उम्मेदवारले घरदैलो र पर्चा वितरण गर्ने कार्य बिहिबार पनि जारी राखेको जनाएका छन् ।

## दलाई लामाको अभिव्यक्तिको चौतर्फी विरोध



काठमाडौं । भारतमा निर्वासित जीवन विताइरहेका तिब्बती धर्मगुरु दलाई लामाले गौतम बुद्ध भारतमा जन्मिएका हुन् भनी दिएको अभिव्यक्तिको चौतर्फी विरोध भइरहेको छ ।

नेपाललगायत विश्वका विभिन्न देशमा रहेका नेपालीहरुले गौतम बुद्धको जन्मथलोको बारेमा लामाले भ्रम छरेको भन्दै चर्को विरोध भइरहेको छ । ८२ बर्षे लामाले हालै दलाई लामाको विवादित भिडियो क्लिप स्रोत बिना विभिन्न वेबसाइट र युट्युब अनि फेसबुकमा व्यापक प्रचार गरिएको छ । भिडियोको स्रोत खोज्दै जाँदा दलाई लामाको आधिकारिक तथा भेरिफाइड फेसबुक पेजमा उक्त भिडियो अक्टोबर १६, २०१७ मा लाइभ प्रसारण भएको देखियो ।

उक्त भिडियोमा लामाले भनेका छन्, "बुद्ध नेपाली हो कि भारतीय ? केही नेपालीहरु बुद्ध लुम्बिनीमा जन्मिएकोले भारतीय हैन नेपाली भन्छन् । यो वाहियात कुरा हो मेरो विचारमा । बुद्ध चिनियाँ हैन, तिब्बती हैन भारतीय हुन् । प्राचीन समयमा एक महान भारतीय गुरुको शिक्षा पूरै एसियामा फैलिएको थियो ।"

उत्तर प्रदेशको मेरठस्थित डिएभी सेन्ट्रल पब्लिक स्कूलमा भारतीय स्कूलका लागि युनिभर्सल एथिक्स करिकुलमको लञ्च गर्ने कार्यक्रममा छात्रछात्राको प्रश्नको जवाफ दिने क्रममा उनले यी विचार राखेका हुन् ।

लामाको उक्त गलत र विवादित भनाइको नेपालका विभिन्न राजनीतिक पार्टीका नेताहरुदेखि कलाकार, वौद्धिक क्षेत्रले समेत आपत्ति जनाएको छ र दलाई लामालाई सार्वजनिक रुपमा माफी माग्न भनिएको छ ।

## आकासिंदो ब्यापारघाटा, वैदेशिक रोजगारी र आर्थिक क्रान्ति

नेपालको व्यापारघाटा दिन प्रति दिन आकासिंदै गैरहेको छ । अत्याधुनिक कम्प्युटर प्रविधीदेखि खाद्यान्न, फलफूल, तरकारी र पिउने पानीसम्म पनि नेपालले बाहिरबाट आयातगर्ने गर्दछ । यही २०७४को श्रावण १० र ११ गते प्रकासित नेपालका राष्ट्रिय दैनिक पत्रिकाहरुले नेपालको भयावह आर्थिक स्थितिको चित्रण गरेका थिए । १० गतेको कान्तिपुरका अनुसार आ.व. ०७३/०७४ मा नेपालले जम्मा रु ९ खर्व ८४ अर्ब ६ करोड ७८ लाख ९ हजारको सामान आयात गरेको थियो भने नेपालबाट रु ७४ अर्ब ७१ करोड २६ लाख ५७ हजारको सामान निर्यात भएको थियो । यसबाट गत आ.व. ०७३/०७४मा नेपालको आयात निर्यातको १३ गुना भन्दा पनि बढी थियो । नेपालको सर्बाधिक व्यापार हुने मूलुक भारत हो । गत आर्थिक वर्षमा भारतबाट नेपालले रु ६ खर्ब ४१ अर्ब १७ करोड २४ लाख ३८ हजारको सामान आयात गरेको थियो भने नेपालले भारततर्फ रु ४१ अर्ब ६० करोड ३ लाख ७९ हजार बराबरको सामान निर्यात गरेको थियो । यसरी गत आर्थिक वर्ष नेपालले भारतबाट गरेको कूल आयात भारततर्फ गरेको निर्यातको १५ गुनाभन्दा पनि बढी थियो । यही आ.व. ०७४/०७५को पहिलो ३ महिनामा नेपालको ब्यापार घाटा प्रतिदिन रु ३ अरव पुगेको कुरा गत अक्टोबरमा राष्ट्र बैकले तयार पारेको प्रतिवेदनमा उल्लेख छ ।

*नेपाल एउटा कृषिप्रधान मुलुक हो । यहाँ पर्याप्त मात्रामा कृषिका लागि उपयुक्त जमिन उपलब्ध छ । तर, आज परम्परागत कृषि प्रणालीले जनताको आवश्यकता पूरा गर्न सकेको छैन । फलतः किसानहरू कृषिबाट विमूख भएका छन् । खेतीयोग्य जमिनहरू प्रायः बांझै छन् । देशले वर्षेनी खाद्यान्न मात्र अरवौ रूपियाँको आयात गर्ने गर्दछ ।*



● इन्द्रमोहन सिग्देल

नेपाल एउटा कृषिप्रधान मुलुक हो । यहाँ पर्याप्त मात्रामा कृषिका लागि उपयुक्त जमिन उपलव्ध छ । तर, आज परंपरागत कृषि प्रणालीले जनताको आवश्यकता पुरा गर्न सकेको छैन । फलतः किसानहरु कृषिबाट विमूख भएका छन् । खेतीयोग्य जमिनहरु प्रायः बांझै छन् । देशले वर्षेनी खाद्यान्न मात्र अरवौ रुपियाँको आयात गर्ने गर्दछ । गत श्रावण ११ गते प्रकाशित अन्नपूर्णपोस्टका अनुसार नेपालले ०७३/०७४मा गहुँ रु ५ अर्ब २१ करोड, मकै १० अर्ब ६३ करोड, चामल २३ अर्ब ८८ करोड, कोदो/फापर ३४ करोड, तरकारी ११ अर्ब १२ करोड, गेडागुडी १० अर्ब ३७ करोड, जिउंदा जनावर २ अर्ब २८ करोड, माछामासु १ अर्ब १७ करोड, दूध र दुग्धजन्य वस्तु २ अर्ब ४४ करोड, फलफूल ८ अर्ब ८८ करोड र खानेतेल ...बाँकी ७ पेजमा

## सम्पादकीय

# राज्यशक्तिको दुरुपयोग

संसदीय व्यवस्थामा सत्तास्वार्थका लागि संसदवादी पार्टीहरुले जनमतलाई प्रभावित पार्न सबै हथकण्डा प्रयोग गर्ने गर्दछन् । साम, दाम, दण्ड, भेद जे गरेर भएपनि निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न उनीहरु षड्यन्त्रको जस्तासुकै रुप प्रयोग गर्न पनि पछि पर्दैनन् । सत्ता शक्तिको दुरुपयोग संसदीय व्यवस्थामा चरम रुपमा हुने गरेको छ । विगतमा भएका संसदीय चुनावहरुलाई उछिन्दै यसपटकको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा चरम रुपमा राज्यशक्तिको दुरुपयोग गर्नेमा नेपाली कांग्रेस सबैभन्दा अगाडि देखिएको छ ।

एमाले र माकेको चुनावी गठबन्धन भएपछि आफ्नो स्थिति खस्किने डरले कांग्रेस अहिले देशैभर जनतामा प्रायोजित आतंक खडा गरेर बुथ कब्जा गर्ने, मतदाताहरुले निर्वाध रुपमा मतदान गर्ने स्थिति बन्न नदिने र चुनावमा व्यापक धाँधली गर्ने योजनामा रहेको देखिन्छ । “अज्ञात” समूहको नाममा आतंक खडा गराउनमा कांग्रेसले राज्यशक्तिको दुरुपयोग गरेको भनेर कथित वामपन्थीहरुले लगाएको आरोपलाई सत्य पुष्टि गर्न कांग्रेसकै क्रियाकलापहरु जिम्मेवार देखिदै आएका छन् ।

राजनैतिक अनैतिकताको पर्याय बनेको माओवादी केन्द्र पनि सत्ताको दुरुपयोग गर्नकै लागि देउवाले भूमिकाविहीन बनाउँदा पनि माकेका मन्त्रीहरु विनाविभागीय बनेर मन्त्री पदमै टाँस्सिरहेका छन् । उनीहरु पनि मन्त्री पदमै रहेको अवस्थामा राज्यशक्तिको दुरुपयोग गरेर जनमत प्रभावित पार्न सकिने विश्लेषणमा सरकारमा टाँस्सिरहेका छन् । र, अहिले हदै रुपमा राज्यशक्तिको चरम दुरुपयोग भइरहेको छ । एमाले र माकेको चुनावी गठबन्धन बनेको पृष्ठभूमिका लामोसमय सत्तामा रहेर डाडुपन्यू चलाएको एमाले पनि माकेका मन्त्रीमार्फत् सकेसम्म र भ्याएसम्म सत्ता दुरुपयोग गरिरहेको छ ।

अनावश्यक रुपमा ६४ हजार सेना परिचालन गरिएको छ, जनपद प्रहरी र सशस्त्र प्रहरीको त हिसाबै छैन । तर पनि बम आक्रमणहरु रोकिएका छैनन् । एमाले र कांग्रेस नेतत्वका बीच ठाउँ ठाउँमा झडपहरु भएका छन् । यसको अर्थ “अज्ञात समूह”को नाममा राज्य संरक्षित र परिचालित गिरोहले नै वम विष्फोटनका घटनाहरु घटाइरहेको हुनु पर्दछ । त्यसमध्येका एकाध घटनाहरुमा विप्लव नेतृत्वको नेकपाको पनि संलग्नता हुन सक्दछ । तर उसले घोषित रुपमा स्वीकारेको अवस्था छैन । अन्यथा, राज्यको अन्तिम सुरक्षा शक्तिको रुपमा रहेको नेपाली सेनाको ६६ प्रतिशत संख्या परिचालित हुँदा पनि जताततै बम विष्फोटका घटनाहरु भइरहनु, विष्फोट गराउने व्यक्तिहरु नसमातिनु जस्ता घटनाक्रमले गम्भीर आशंका अवश्यै पैदा गराउँदछ । यससँगै के पनि आशंका बढाएको छ भने पहिलो चरणको निर्वाचनको मतगणना दोस्रो चरणको निर्वाचनपछि सँगै गर्ने भनिएको छ, त्यो पनि सेनाको बन्दुकको घेराभित्रै मतपेटिकाहरु कति सुरक्षित रहन्छन् ?

नेपाल रिमोट कन्ट्रोल र डिजाइनमा चल्ने देश भएकोले सत्तास्वार्थ जे गर्न पनि तयार हुने पार्टी र नेताहरुको गतिविधिले गर्दा निर्वाचन पनि एउटा ‘नौटंकी’मा परिणत हुन पुग्दछ, पुगेको छ । निर्वाचनले वास्तविक जनताको जनमतको कदर गर्दैन, संस्थागत हुँदैन र प्रतिनिधित्व गर्दैन भन्ने तर्कलाई नै सावित गराउँदछ । पछिल्लो दिनमा विकसित घटनाक्रमहरुले यही तथ्यलाई उजागर गर्दै लगेको छ ।

त्यसैकारण संसदीय व्यवस्था, सत्ता र संविधान गरिखाने श्रमजीवि जनतामाथि शोषण, विभेद र उत्पीडन लाद्ने संयन्त्र हो । यसैले यसका विरुद्ध नयाँ जनवादी क्रान्तिमार्फत् मुलुकमा जनताको गणतन्त्र स्थापनाको दिशामा अगाडि बढ्नु पर्छ भन्ने तर्क र तथ्यलाई नै संसदवादी पार्टी र सत्ताको गतिविधिले पुष्टि गरिरहेको छ । र, जनताको मत विदेशी शक्तिकेन्द्रको इशारा र निर्देशनमा चल्ने दलाल संसदीय व्यवस्था, दलाल शासकहरुका विरुद्ध संगठित हुने वातावरण शासकहरु आफैले निर्माण गरिरहेका छन् । सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु अन्तरविरोधहरुको पहिचान र परिचालन गर्दै सही समयमा सही पहलदमीका साथ अगाडि बढ्न खप्पिस हुनुपर्ने परिस्थितिको दबाब बढेर गएको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# फ्रेडरिक एन्जेल्स : छोटो चिनारी



● कृष्णदास श्रेष्ठ ●

मार्क्स र एन्जेल्सका बिच विचार, भावना तथा पारस्परिक स्नैहमा जुन मेल तथा एकबद्धता पाइएको थियो, त्यस्तो दृष्टान्त विरलै पाइन्छ होला । जबदेखि दुवैको बीचमा मित्रता कायम भयो, दुबै मित्रले एउटै लक्ष्य बनाई पारस्परिक सहयोगको आधारमा काम गरे । मार्क्सले त्यस बेलाको मजदुर आन्दोलनको विकासको लागि जुन सिद्धान्तहरुको प्रतिपादन गरेका थिए, त्यसमा एन्जेल्सको पनि ठूलो योगदान रहेको थियो । संसारका मजदुरवर्गलाई आफ्नो ऐतिहासिक भूमिकाप्रति सचेत पारी उनीहरुलाई मुक्तिको सही बाटो देखाउने जुन महान सेवा मार्क्सको साथ एन्जेल्सले गरेका छन्, त्यसबाट उनी मजदुरवर्गका महान शिक्षकहरुमा एक हुन् भन्ने कुरा स्पष्ट छ । १८८३ मा मार्क्सको मृत्युपछि उनी आधुनिक मजदुरवर्गको एकजना महान गुरु र नेता रहे ।

नोबेम्बर २८, १८२० मा बरमेन (जर्मनी) मा एक ज्यादै पुरानो, संकीर्ण विचारको परिवारमा एन्जेल्सको जन्म भएको थियो । उनका पिता धनी मिल-मालिक थिए । साधारण शिक्षा प्राप्त गरेर उनी एल्बरफेल्टको कलेजमा भर्ना भए, तर पारिवारिक वातावरणले गर्दा अन्तिम शिक्षा प्राप्त गर्न नपाइकनै पढाई छोडेर उनले आफ्नो पिताको कारखानामा सहयोग गर्नु पर्‍यो । १८४१ मा बर्लिनको तोपखाना-गारदमा भर्तिभएर एक वर्ष त्यहीँ फौजी शिक्षा प्राप्त गरे, त्यसैले सैनिक विज्ञानमा उनको विशेष दखल थियो । सैनिक सेवामा रहँदा उनले “जर्मन वर्षमात्र” र “राइन समाचार” मा लेखहरु पठाँउदथे र उनका लेखहरु फ्रेडेरिक ओसबाल्डको नामबाट छापिन्थ्यो । १८४२ मा आफ्नो बाबुको मिलको हेरचाह गर्न उनलाई मान्चेस्टर जानु पर्‍यो । पहिलेदेखिनै दर्शन तथा सामाजिक समस्याहरुमाथि चिन्तन गर्ने उनको स्वभाव थियो । तसर्थ यहाँ रहँदा मिलको काममा मात्र उनी व्यस्त रहेनन्, बरु उनले बेलायतको औद्योगिक विकास, श्रमिकवर्गको अवस्था तथा त्यहाँका त्यस सम्बन्धी सबै सरकारी दस्तावेजहरुको अध्ययन गरे । यहाँ नै उनले आफ्नो पुस्तक “बेलायतका मजदुरवर्गको अवस्था” को लागि तथ्यहरु संकलन गरे र सो पुस्तक १८४५ मा प्रकाशित भयो ।

मान्चेस्टरमा रहँदा उनले त्यस बेलाका ब्रिटिश मजदुर आन्दोलनका सक्रिय कार्यकर्ताहरुसित सम्पर्क राखे तथा समाजवादी लेखहरु लेखे । यहाँबाट जर्मनी फर्कन्दा पेरिसमा उनको मार्क्ससित भेट भयो, र त्यहाँ दुबै मिलेर “पवित्र परिवार” अर्थात् “आलोचनात्मक आलोचनाको आलोचना” लेखे । जनआन्दोलनलाई घृणाको दृष्टिले हेर्ने तथा मजदुरवर्गलाई असक्त जन-समूह ठान्ने बावर तथा उनका अनुयायीहरुको सोचाइको कडा खण्डन सो पुस्तकमा गरियो ।

**सन्दर्भ : १९७ औं एन्जेल्सको जन्मजयन्ती**



१८४५मा एन्जेल्स आफ्नो ब्यापार छोडेर ब्रुसेल्समा आए । १८४५-४७ सम्म ब्रुसेल्स र पेरिसमा रहेर उनले मार्क्सका साथ आफ्नो सैद्धान्तिक कार्य चालु राख्नुका साथै त्यहाँका जर्मन मजदुरहरुको बीचमा काम गरे । पेरिसमा मार्क्स र एन्जेल्स दुबैले जर्मन मजदुरहरुको ग्रुप संगठन-कम्युनिष्ट लिग-सित सम्पर्क राखे । लीगको लागि नयाँ कार्यक्रम-विश्व-विख्यात “कम्युनिष्ट घोषणा पत्र” -लेख्ने काम दुबैले मिलेर गरे ।

१८४८ मा युरोपको जीबनमा एक संघर्षमय जीवन सुरु भएपछि, मार्क्स र एन्जेल्स आफ्नो जन्मस्थानमा फर्केर आए । क्रान्ति पेरिसबाट सुरु भएर अनि पश्चिम युरोपका देशहरुमा फैलियो । १३ मार्चको दिन वीनामा र १८ मार्चको दिन बर्लिनमा क्रान्ति भयो । मार्क्स र एन्जेल्सले “नयाँ राइन काल” नाम पत्रिका कालोनबाट प्रकाशित गरेर जनताको मागलाई अगाडि बढाए । उनीहरुले पुँजीपति वर्गलाई खतम गर्न सशस्त्र क्रान्तिमा जोड दिए । दुवै प्रतिगामी शक्तिहरुको विरोधमा डटेर संघर्ष गर्दै रहे । अन्तमा प्रतिक्रियावादले विजय प्राप्त गर्‍यो र पत्रिकालार्य दमन गर्नुका साथै मार्क्सलाई निर्वासित गरियो । एन्जेल्सले सशस्त्र जन-विद्रोहको एक अगुवा योद्धाको रुपमा तीनवटा स्वतन्त्र लडाई लडे र अन्तमा विद्रोहको हार भएपछि स्वीजरलान्डबाट लण्डन गए ।

१८४८ देखि १८५० सम्म मार्क्सको साथमा एन्जेल्सले युरोपको क्रान्तिकारी आन्दोलनमा सक्रिय भाग लिए । १८५० पछि उनले फेरि आफ्नो ब्यापार समाते तर, ब्यापरमा लाग्नुको कारण पैसा कमाउनु थिएन, बरु आफ्नो साथी मार्क्स, जो ठुलो आर्थिक संकटमा परेको थियो, तिनको महान कार्यमा आर्थिक सहायता पुर्‍याउनु थियो । मार्क्सको लागि उनले आफ्नो प्रतिभाशाली दिमागलाई महत्वपूर्ण काममा लगाएर जुन निस्वार्थ अद्वितीय त्याग गरे, यसमा उनको व्यक्तित्वको महानताको परिचय मिल्दछ । १८६० मा बाबुको मृत्युपछि कारोबारको तमाम बोझ उनको काँधमाथि पर्‍यो । त्यसबेलामा मार्क्सलाई उनले लेखेका थिए, “म यो निष्ठुर व्यापार मुक्तिको जति इच्छुक छु, त्यति इच्छुक अरु कुनै चीजको लागि छैन । यसले मेरो समयलाई बर्बाद गर्नुका साथ-साथ मलाई हैरान खेलाई रहेछ । जबसम्म म यसको अधीनमा रहन्छु, तबसम्म म कुनै कामको लागि लायक बन्न सक्दिनँ । खास गरी साझेदार बनेदेखि अवस्था झन गिरेको छ, कारण जिम्मेवारी पहिले भन्दा धेरै बढेको छ ।” त्यस्तो तीब्र अनिच्छा हुँदाहुदै उनलाई सो काम गुर्न नै थियो किनभने बढी आाम्दानी गर्ने र आफ्नो साथीलाई मद्दत गर्ने ठूलो सवाल अगाडि थियो ।

१८७० सम्म मार्क्स लण्डनमा र एन्जेल्स मान्चेस्टरमा रहे र उनीहरुको बीचमा दिनहुँ भने जस्तो चिठ्ठीद्वारा बिचारहरुको आदान-प्रदान भइरहन्थ्यो । त्यसै बीचमा एक आयरिस परिवारको लडकी मेरी बर्न्ससित उनको प्रेम भयो । कानुनी तवरमा दुबैको बिवाह नभएतापनि दुबै पति र पत्नीको रुपमा रहे । १८६३ मा मेरीको हृदय रोगले मृत्यु भयो र यस मृत्युले उनको दिलमा ठुलो धक्का पर्‍यो । १८६४ मा उनको बिवाह मेरीको बहिनी लिजी सित भयो र १८७८ मा लिजीको मृत्यु भयो । उनीहरुको कुनै सन्तान भएन । १८६४ मा अन्तर्राष्ट्रिय मजदुर संघको स्थापना र त्यसको काम कार्यवाहीहरुमा एन्जेल्सले सक्रिय भाग लिए । नौ वर्षसम्म व्यापारमा लागिसकेपछि ज्यादै विरक्त भएर उनले १८६२ मा आफ्नो व्यवसाय बेचेर १८७० मा लण्डनमा आए । त्यस बेलादेखि मार्क्सको मृत्युको दिनसम्म दुबै मित्र यही सँगै रहे । एन्जेल्सले त्यस बेलाका समस्याहरुमा धेरै लेख तथा पुस्तिकाहरु लेखे । १८७२ मा *...बाँकी ७ पेजमा*

## झर्रोटर्रो

कैलुब्राह

# ... त्यो त इतिहास भयो

यसपालाको चुनाउलाई मध्यनजर गरेर बनेको खाम र हाम गठबन्धन, पार्टी एकता, आगामि सरकार, पार्टी नेतृत्व, कार्यदिशा आदिका सन्दर्भमा चुनावी मैदानमै गएर झर्रोटर्रोका विशेष प्रतिनिधि कैलुब्राहले माकेका प्रमुख मिस्टर सुप्रिमोसँग गरेको विशेष कुराकानीको सारसङ्क्षेप यहाँ प्रस्तुत गरिएको छ ।

**कैलु** : यहाँलाई झर्रोटर्रोमा विशेष स्वागत छ । तपाईंको दल र सूर्यछाप दलका बिचमा एकाएक पार्टी एकता गर्ने गरि गठबन्धन गर्न कसरी तयार हुनुभयो ?

**सुप्रिमो** : धन्यवाद । मने यो वर्तमानको आवश्यकता हो । यो एकाएक भएको होइन । यसका लागि हामीले चुनवाङको कार्यदिशाबाटै बाटो सोझ्याएका थियौं । जनयुद्ध समाप्त पार्नु, जनसत्ता भत्काउनु, लालसेना विघटन गर्नु, पार्टी छिन्नभिन्न पार्ने योजना यही गठबन्धनका लागि थियो । जनयुद्ध नछोडेको भए यो सम्भव थिएन । जनयुद्धकै बेला मेरो योजना त यसलाई दस वर्ष भन्दा अगाडि लैजानु हुँदैन भन्ने थियो । आर्को कुरा यतिखेर सूर्यछापसँग हामीले गठबन्धन नगरेको भए मेरो चुनाव क्षेत्र नै धरापमा परिसकेको थियो । हामी हार्दै गएका थियौं । सत्तरीको चुनाउमा हामी तेस्रोमा झर्‍यौं । स्थानीयमा पनि तेस्रो त भयौं तर असाध्य कमजोर अवस्था भयो । चारतारेसँग मिल्दा हामीलाई खासै फाइदा भएन । विगतका चुनाउमा चाणक्यवाद र सुप्रिमोपथले काम गरेको थियो यतिखेर त त्यो पनि काम लाग्ने स्थिति रहेन । सुप्रिमो तत्कालको परिस्थिति हेरेर निकै चुनौति मोलेर निर्णय गर्ने नेता हो । आफ्नो स्वार्थ पूरा हुने भएपछि सुप्रिमोले जता पनि जान र जे पनि गर्न तयार हुन्च ।

**कैलु** : तपाईँलाई धोकेवाज नेता भन्छन् नि । पैला आफ्नै गुरुलाई धोका दिनुभयो र उहाँ बाहिरि नुभयो, अहिले प्रम डेउडापतिलाई धोका दिनुभयो, अघिल्लो पटक उखानप्रसादलाई पनि धोका दिनु भएको थियो । के भन्नुहुन्छ ?

**सुप्रिमो** : धोकाधडी, छलछाम, तिगडम, ग्रेट छलाङ, खुराफात, इधरका उधर उधरका इधर यहि त हो सिर्जनात्मक मार्क्सवाद । यो हो सुप्रिमोपथको करामत । गुरुको सिद्धान्तमा लागेको भए यो गठबन्धन र एकता सम्भव नै थिएन । आर्को कुरा प्रमलाई मैले भनेरै यता आएको हो । प्रम ज्यू तपाइँसँग मिलेर चुनाउमा जाँदा मेरो चुनाउ धरापमा पर्ने देखियो, मेरो दल पत्तासाफ हुने भयो, अब म सूर्यछापसँग मिल्चु तपाइँले अप्ठ्यारो नमान्नु होला । अलिअलि भएपनि चुनाउ खर्चपर्च आउने भएकाले सरकार पनि हामी छोड्दैनौं, तपाइँसँग मेरो जात, धर्म रङरोगन पनि मिलेन भनेर मैले भनेकै हुँ । कसरी भयो धोका ? मेरो दर्शन भनेको अनुकूलता हेरेर छलाङ मार्ने हो ।

**कैलु** : तपाइँको दल जनयुद्ध लडेर आएको, सूर्यछाप दल जनयुद्धलाई आतङ्ककारी भनेर दमन गर्न सङ्कटकाल लाउन समर्थन गरेको, कसरी एकता हुन्छ ?

**सुप्रिमो** : मने जनयुद्ध सनयुद्ध अब इतिहास भइसक्यो । इतिहास कोट्याएर बस्नु भनेको जडशूत्रवाद हुन्च । हामी अब नयाँ भयौं । सानो दल बनाएर, ढुकुरे छाती बनाएर बस्ने मेरो बानी नै छैन ।

**कैलु** : के तपाइँले जबज मान्नु भएको हो त ?

**सुप्रिमो** : हो । अब जबज नमानेपछि एकता हुन्च त ? मैले छाती चौडा बनाएर बरू आफ्नो नीति त्याग्छु अरूको मान्चु भनेरै त एकता र गठबन्धन सम्भव भएको हो । जहाँसम्म जनयुद्धको कुरा छ, जनयुद्धले गणतन्त्र ल्यायो, मलाई दुईपटक प्रम बनायो, गोर्खाली डाक्टरसावलाई पनि प्रम बनायो, सूर्यछापका तीनजना नेतालाई प्रम बनायो, हाम्रा थुप्रै साथीहरू मन्त्री, सांसद भए । यो भन्दा ठूलो उपलब्धी अरू के हुन्च । अब त्यो यतिहास भइसक्यो । त्यता फर्केर अगाडि बढ्न सकिँदैन ।

**कैलु** : एकतापछि पार्टी अध्यक्ष को हुन्छ त ? तपाइँ की उखानप्रसाद ?

**सुप्रिमो** : मने यो त प्रस्टै छ । हामीले गठबन्धन र एकताको तयारी गर्न बसेको कोर कमिटीमा भएको समझ्दारी भनेको प्रम र अध्यक्ष आलोपाले गर्ने हो । पैला उखानप्रसादजी प्रम र म अध्यक्ष हुन्चौं, पछि साटफेर हुन्च । मेरो चालिसे गुटतिर यसले समस्या पार्दैन । उहाँको साठीभागेतिर अलिकता समस्या माकुनेजीले पार्न सक्नु हुन्च भन्ने मलाई लाग्च, त्यसको समाधान उहाँलाई राष्ट्रपतिमा लगेर थन्क्याउने कुरा छ । त्यसो भएपछि नरहे बाँस न बजे बाँसुरी ।

**कैलु** : तपाइँले एकठाउँको भाषणमा अबको दस वर्षमा साम्यवाद आउँछ भन्नुभाथ्यो, के त्यो सम्भव छ ? एउटै देशमा साम्यवाद आउने हो र ?

**सुप्रिमो** : हो मैले भनेकै हो । जनयुद्ध छोडेर आएको दस वर्षमा जनवाद आइसक्यो । सूर्यछाप र हामी एउटै पार्टी भएपछि र हामपन्थी गठबन्धनको सरकार आउनु भनेको समाजवाद हो । त्यसपछि त साम्यवादको पालो भइहाल्यो नि । समाजवाद पछि आउने साम्यवादै त हो । जहाँसम्म एउटै देशको कुरा छ, त्यो मार्क्सले संसारभरी साम्यवाद ल्याउने कुरा गर्नुभाथ्यो । त्यो इतिहास भइसक्यो । अहिलेको विकास, विज्ञानप्रविधिको युगमा संसारभरी साम्यवादको कल्पना हैन एउटै देशमा, अझ एउटै पार्टी र त्यसको पनि निश्चित नेताहरूको घरघरमा पनि साम्यवाद ल्याउन सकिन्च । यो हो सिर्जनात्मक मार्क्सवाद, विकसित मार्क्सवाद । मैले त्यो देखिसकेको छु ।

**कैलु** : तपाइँले अबको हाम सरकार बीस वर्षसम्म चल्छ र समृद्ध नेपाल बनाइन्छ भन्नु भयो त्यो कसरी होला ?

**सुप्रिमो** : हामी पहिलो पुस्ताका नेताको आयु नै अब बीस वर्ष भन्दा बढि छैन । बीस वर्षसम्म हामीले नै सत्ता चलाउने हो । जहाँसम्म समृद्ध नेपालको कुरा छ, त्यो कसरी भने बीस वर्षसम्म त हामीले युवाजति सबैलाई बैदेशिक रोजगारमा पठाइसकेका हुन्चौं, बुढाखाडा पनि मरिसकेका हुन्चन् । नेपाली मनुखे नै हुँदैनन् । यहाँ बहुराष्ट्रिय कम्पनीका उद्योगहरु हुन्चन् । प्राकृतिक श्रोत साधन उपभोग गर्न विदेशीहरु आउँचन् । नदीनाला, पाहाड पर्वत, ढुङ्गा, गिट्टी बालुवा, बनजङ्गल सबैका सबै बेचेर हामीले देशलाई आर्थिक रुपले उन्नत बनाउँचम् । नेपाली विदेश बस्ने र विदेशी नेपाल बस्ने भयो भने त यो मुलुक नै विकशित मुलुक बन्च । अनि भएन त समृद्ध नेपाल । *२ मंसिर २०७४,*

*kailubraha73@gmail.com*

# ‘देजमो वैकल्पिक शक्तिको रुपमा स्थापित’

*(नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल निर्वाचनको क्रान्तिकारी उपयोगको कार्यनीति कार्यान्वयनको चरणमा छ । प्रतिक्रियावादी र दक्षिणपन्थी अवसरवादी तत्वहरुको भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको पक्षमा जनमत निर्माण गर्ने, त्यो जनमतलाई संगठित गर्ने र क्रान्तिको आधार तयार पार्ने उद्देश्यसहित देशैभर आफ्नो प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवारी दिएको छ । वाम र लोकतान्त्रिक धारमा विभाजित नेपाली राजनीतिमा देशभक्त जनगणतान्त्रिक धार अर्थात् राजनीतिक रुपले तेस्रोधारको नेतृत्व गर्दै वैकल्पिक (क्रान्तिकारी) राजनीतिक शक्तिको रुपमा उदयीमान क्रान्तिकारी माओवादी तथा देजमोको तर्फबाट केन्द्रीय सदस्यदेखि सचिवालय सदस्यसम्मले यस निर्वाचनमा उम्मेदवारी दिनुभएको छ । उहाँहरुसँग निर्वाचनसँग सम्बन्धित विविध विषयमा केन्द्रित गरिएको कुराकानीका आधारमा तयार पारिएको सामग्री यहाँ प्रस्तुत गरेका छौं । - सम्पादक)*

## हाम्रो उम्मेदवारी प्रतिक्रियावादी र अवसरवादीहरुका विरुद्धमा हो

हाम्रो उम्मेदवारी चुनावी प्रतिस्पर्धाका लागि भन्दापनि शोषित, उत्पीडित वर्ग र जनसमुदायको पक्षमा र प्रतिक्रियावादी र दक्षिणपन्थी अवसरवादीका विरुद्धमा हो । जहाँसम्म चुनौती र सम्भावनाको प्रश्न छ । जनतामा प्रतिक्रियावादी र अवसरवादीहरुले पारेको भ्रमलाई चिरफार गर्दै जनतालाई क्रान्तिकारी आन्दोलनमा गोलबन्द गर्नु आजको मुख्य चुनौती हो । यो निर्वाचनले जनताको घर घरमा पुगेर उनीहरुको गुनासो सुनेर र सुझाव लिएर जनताको परिवर्तन र क्रान्तिको पक्षमा सचेत र जागरुक बनाउने अवसर मिलेको छ ।

निर्वाचन कार्यक्रमको क्रममा २०७४ कार्तिक २५ गतेदेखि लगातार जनताको माझमा जाने काम भइरहेको छ । त्यस क्रममा दर्जनौं कोणसभा र हजारौं जनताको घर आगनमा पुगेर जनभेटघाट गर्ने काम भए र भइरहेको छन् । त्यसले हाम्रो पार्टी र मोर्चाको जनतासँगको सम्बन्धलाई जीवन्त बनाएको छ । यो कार्यक्रमलाई अझ घनिभूत गराउदै लाने क्रममा तीनजना उम्मेदवारको नेतृत्वमा ३ टोली र अन्य गाउँमा बनेका प्रचार टोली व्यवस्थित रुपमा परिचालन गरि अझ प्रभावशाली बनाउदै लाने योजना छ ।

हाम्रो पार्टी र मोर्चाका बारेमा जनताले निकै चासो लिएका छन् । किन कि हामीले जनतालाई यो कुरा प्रस्ट गरेका छौं कि चुनावको बेला प्रतिक्रियावादी र अवसरवादी दल र त्यसका नेता तथा कार्यकर्ताहरुले दिने झुट्टा र गुलिया आश्वासनले जनताको आधारभूत आवश्यकता पुरा भएन र हुँदैन । जनताको न्यूनतम समस्या समाधानका लागि



● केशरबहादुर गुरूङ, प्युठान–१ बाट प्रतिनिधिसभाको उम्मेदवार

पनि शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा राज्यको दायित्व र जनताको अधिकारको रुपमा सुनिश्चित हुनु पर्छ । अहिलेको चुनावी व्यवस्थाबाट जनताप्रति उत्तरदायी बन्दैन भन्ने कुरालाई पनि काफी हदसम्म जनता समक्ष प्रस्तुत गरेका छौं । तसर्थ, जनताले हाम्रो पार्टी र मोर्चालाई चासोका साथ हेरेका छन् र आशा लिएका छन् ।

## बौद्धिक र सचेत मतदाताहरूले हामीलाई मन पराएका छन्

दाङको ३ नम्बर क्षेत्रमा नेपाली काङ्ग्रेस, नेकपा एमाले र सो दलमा सामेल भएको माओवादी केन्द्र र मेरो दल ‘देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल’ नै चर्चाको केन्द्रमा रहेका छन् । हामीलाई मतदाताहरूले विशेष गरेर वैद्य माओवादी भनेर चिन्दछन् । जहाँसम्म प्रतिस्पर्धाको कुरो छ, यहाँ त्रिपक्षीय प्रतिस्पर्धा हुँदैछ । यथास्थितिवादी धारा, संशोधनवादी कथित वाम गठबन्धनको धारा, र क्रान्तिकारी आमूल परिवर्तनकारी धारा । पहिलो धाराको नेतृत्व मूख्य रूपमा काङ्ग्रेसले गर्दछ, दोस्रो एमाले र उसको पुच्छर समाएर बैतरणी तर्न खोजेको माओवादी केन्द्र र तेस्रो धारा हामीले नेतृत्व गरेको धारा हो ।

काङ्ग्रेस, एमाले र माओवादी केन्द्रसँग जनतालाई झुक्याउने, प्रलोभनमा पार्ने र यथास्थितिमै रमाउन लगाउने सस्तो नारा त होलान् तर वौद्धिक र सचेत मतदाताहरूले हाम्रो एजेण्डा मन पराउँछन् । यतिवेला मतदाताहरूको एउटै तर्क पाइन्छ, ‘जुन जोगी आए पनि कानै चिरेको’ । यो कुरालाई चिर्ने मुख्य चुनौती छ हाम्रा सामू । त्यो भन्दा पनि ठूलो चुनौती भनेको दश वर्ष जनयुद्ध लडेर आएको माओवादी नेतृत्वको एउटा शक्ति प्रचण्ड नेतृत्वको माओवादी केन्द्र एमालेमा विलय हुने प्रकृयामा गएको हुनाले हामीप्रतिको आशङ्का मेटाउने चुनौती छ । जनताको प्रश्नलाई हल गर्ने तत्कालको व्यवहारिक समस्या हाम्रा सामू छ । यद्यपि हामीले सैद्धान्तिक रूपमा, नीतिगत र कार्ययोजनाका हिसावले हामी नित्तान्त भिन्न छौं भनेर आश्वस्त पार्ने प्रयास त गरेका छौं परन्तु जनतामा संसदीय व्यवस्थाप्रति पनि र क्रान्तिप्रति पनि अत्यन्तै ठूलो निरासाभाव छ । संसदीय व्यवस्थाप्रति निरासा हुनु त राम्रो कुरा हो तर क्रान्तिप्रति नै वितृष्णा पैदा भयो भने त्यसले समस्या पैदा गर्छ ।

जहाँसम्म सम्भावनाको कुरा छ हामीले यो चुनावलाई चुनावी नतिजाका अर्थमा हारजीतको प्रश्नमा मात्रै यसको मूल्याङ्कन गरेका छैनौं । संसदीय व्यवस्थाको चुनाव भनेको कर्पोट चुनाव हो । यहाँ जनमतलाई खरिदबिक्रीको मालको रूपमा लिइन्छ । यो चुनावका माध्यमबाट हामीले संसदीय व्यवस्थाको भण्डाफोर गर्दै त्यसको विकल्प जनवादी व्यवस्था हो भन्ने कुरालाई जनताका बीचमा लगिरहेका छौं । त्यसका साथै सङ्गठन विस्तार र सुदृढीकरणतर्फ लैजाने माध्यमका रूपमा पनि प्रयोग गरिरहेका छौं । तेस्रो कुरा क्रान्तिको तयारीका रूपमा पनि यो चुनावलाई कार्यनीतिक कार्यक्रमका रूपमा लिएको हुनाले यस कुरामा हामी सफल हुन्छौं ।

हामीले जनतामा राष्ट्रिय स्वाधीनता, जनवादी क्रान्ति, आमूल परिवर्तन सहितको समृद्धिको एजेण्डा लिएर गएका छौं । राष्ट्रिय उद्योगधन्दाको विकास गरेर विदेशीएका लाखौं युवाहरूलाई स्वदेश फर्काउने र रेमिट्यान्समा चल्ने अस्थिर अर्थतन्त्रलाई स्थीर बनाउने र राष्ट्रिय पूँजीको विकास गर्ने एजेण्डा हामीले जनताका बीचमा लिएका छौं । जातीय,



● हिरामणी दुःखी, दाङ–३ बाट प्रतिनिधिसभाको उम्मेदवार

क्षेत्रीय र लैङ्गिक उत्पीडनलाई वर्गीय मुक्ति सहित समाधान गर्ने क्रान्तिको एजेण्डा हामीले जनतामा लगेका छौं । समग्रमा जनगणतन्त्र स्थापनाको एजेण्डा हाम्रो राजनीतिक एजेण्डा हो ।

मतदाताहरूको घरघरमा पुगेर प्रत्यक मतदाताहरूसँग प्रत्यक्ष भेटघाट र सम्वाद गर्ने, आफ्नो चुनावी रणनीतिका बारेमा स्पषट पार्ने, राजनीतिक र आर्थिक एजेण्डाका र योजनाका बारेमा मतदाताहरूलाई प्रस्ट पार्ने रहेका छन् । त्यसका लागि घरदैलो भेटघाट र टोलटोलमा कोणसभा गर्ने कार्य भइरहेका छन् ।

जनतामा हाम्रो पार्टी र देजमोप्रति सकारात्मक बुझाई रहेको छ । आम जनताको जनजिब्रोमा देजमो स्थापित भइसकेको छैन । किनकि यो नित्तान्त नयाँ मोर्चा भएको र पहिलोपटक चुनावी मैदानमा यो मोर्चा सामेल भएको हुनाले यो मोर्चाको समग्र उद्देश्यप्रति जनता बेखबर जस्तै छन् । बरू हामीलाई वैद्य माओवादी भनेर आम जनताले स्पष्ट बुझेका छन् । प्रचण्ड नेतृत्वको माओवादी केन्द्र एमालेमा विलय हुन थालेको र विप्लवले पार्टीको नामबाट माओवादी पदावली हटाएको हुनाले अबको सच्चा क्रान्तिकारी माओवादी पार्टी भनेको यहि पार्टी हो भन्ने बुझाई जनतामा रहेको छ । मतदातासँग भोट माग्दा हामीलाई तपाइँ कुन पार्टीको हो भनेर सोध्छन् । त्यतिवेला हामीले माओवादी हौं भन्दाखेरी कुन माओवादी भनेर सोध्छन् । अनि हामीले क्रान्तिकारी माओवादी भनेर जवाफ दिन्छौं । जनताले ए यो त वैद्य माओवादी पो रहेछ भन्छन् । साँच्चैको माओवादी र सच्चा कम्युनिष्ट तपाइँहरू नै हो भनेर हाम्रो पार्टीका बारेमा बुझेका जनताले भन्दा हामीलाई गर्व लाग्छ ।

## गठबन्धनप्रति जनतामा वितृष्णा बढेर गएको छ



● सुरेश श्रेष्ठ, काठमाडौं–१० बाट प्रतिनिधिसभाको उम्मेदवार

जनताका बीचमा लोकतान्त्रिक गठबन्धन र बाम गठबन्धनप्रति वितृष्णा बढेर गएको छ । यद्यपि संसदीय दलहरुको उक्त गठबन्धनले जनतामा केही भ्रमहरु सृजना गरेका छन । ति भ्रमहरुबाट मुक्त पार्ने, भण्डाफोर गर्दै अभियान सहित हामी अगाडि बढिरहेका छौं । यससंगै संसदीय व्यवस्थालाई निर्विकल्प बनाएर लैजाने संसदवादी दलहरुको गठबन्धनको सोचको विपरीत यहाँका जनताहरु दरो रुपमा उठेका पाएका छौं । यसरी संसदीय व्यवस्थाप्रतिको वितृष्णा, प्रतिक्रियावादी राज्य व्यवस्थाको कारणले वैकल्पिक शक्तिको रुपमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई जनताले चुन्नेमा हामी सकारात्मक रुपमा आशावादी छौं ।

संसदीय व्यवस्था असफलसिद्ध भइसकेको छ । यस व्यवस्थाको विकल्पको रुपमा नयाँ जनवादी व्यवस्थाको स्थापना गर्नु पर्छ, संसदीय दलहरुबाट हुँदै आएका राष्ट्रघातका विरुद्ध राष्ट्रिय रक्षाको चेतना जागृत गराउने, वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय शोषणबाट मुक्ति नै मुख्य एजेण्डा रहेका छ । स्थानीय रुपमा यहाँ बाहुल्य रहेको आदिवासी जनजातिहरुको भाषा, संस्कृतिको संरक्षण, विकास र सम्बर्द्धनको मुद्दा पनि प्राथमिक रहेको छ र भूकम्पबाट प्रभावित जनताहरुको पुनर्वास र पुनर्निर्माण पनि उत्तिकै महत्वपूर्ण एजेण्डा रहेको छ । एमाले, काँग्रेस, माकेको नेतृत्वमा बनेका पटक पटकको सरकारले यहाँका भूमिपुत्रहरुलाई विस्थापित गर्ने मनसाय सहित गैरन्यायिक सडक विस्तार जुन गरिरहेको छ, त्यसको विरुद्धमा आइएलओ १६९ अनुसार आदिवासी भूमि र सम्पत्ति सम्बन्धी नीतिको आधार सरोकारवाला सहितको संयन्त्र बनाई अगाडि बढाउनु पर्ने एजेण्डा पनि स्थापित गरेका छौं । यसरी अभियान चलाउँदै जाने क्रममा जनताले हामीलाई वैकल्पिक शक्तिका रुपमा लिएका छन् ।

अहिलेको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय उत्पीडन, शोषणबाट मुक्त गर्न नसक्ने त्यसको लागि जनवादी संविधान नै आवश्यक महसुस जनतामा पुऱ्याएका छौं । योसँगै जनतामा फेरी एकचोटी आन्दोलन, संघर्ष र विद्रोह आवश्यक रहेको चेतनालाई जागृत बनाउँदै लैजान र देजमो, नेपाल र नेकपा (क्रान्तिकारी माओवादी)ले मात्र त्यस अभियानको नेतृत्व गर्न सक्ने विश्वास जनतामा स्थापित हुँदै गइरहेको छ । जनयुद्धको नेतृत्वकारी प्रचण्डले तत्कालिन संसदीय दलहरुसँग मिलेर धोका दिएको कारणले नेपालमा प्रतिक्रान्ति भयो । त्यसको विकल्प, वैकल्पिक धारको रुपमा नेकपा (क्रान्तिकारी माओवादी), देजमो, नेपाल मात्र अहिलेको धरातलमा वास्तविक अग्रगामी राजनीतिक शक्ति रहेको जनतामा स्थापित भएको पायौं ।

## जितको सम्भावना अत्यन्तै राम्रो बनेको छ

दैलेखमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको स्थिति अत्यन्तै राम्रो छ । जितको सम्भावना अत्यन्तै राम्रो छ । जनताको पार्टी भनेर स्थापित भएका छौं । संसदीय व्यवस्थाको विरोध गर्दै आउँदा जनताहरु हाम्रो संगठनमा गोलबन्द हुँदै आउनु भएको छ । हाम्रो मुख्य प्रतिस्पर्धा काँग्रेस, एमालेका गठबन्धनसँग रहेको छ । पुरानो संसदीय दलहरुले जनता, राष्ट्रका हितहरुको विपरित गर्दै आएका क्रियाकलापहरुलाई जनतामाझ उजागर गर्दै, भण्डाफोर गर्दै राष्ट्रियता रक्षा गर्ने, जनतन्त्र र जनजीविकाका सवालहरुलाई रक्षा एवं व्यवस्थापन गर्नु पर्ने अगाडि बढी रहेका छौं ।

हामीले राष्ट्रिय स्वाधिनता, जनतन्त्र, जनजीविका, जल, जमिन, जडिबुटि, पर्यटन, औद्योगिक व्यवस्थापन-एकमात्र माओवादी सम्बद्ध देशभक्तहरुको चुनाव चिन्ह मुठ्ठीमा मतदान, त्यसैगरी, जनयुद्ध, सहिद, बेपत्ता, घाइते, अपांगहरुलाई सम्मान-समृद्ध दैलेख हाम्रो अभियान लगायत अन्य नाराहरु बोकेर जनसभा, कोणसभा, घरदैलो, भेटघाटका बीचमा घनिभूत छलफल, अन्तर्क्रिया गर्दै गइरहेका छौं । यसैको परिणाम स्वरुप माकेका अधिकांश, लगभग ८० प्रतिशत नेता कार्यकर्ताहरु एकमात्र माओवादी पार्टी क्रान्तिकारी माओवादीमा हामी संगठित हुन्छौं भनेर आउनु भएको छ । श्रीनन्द खनाल सुरेन्द्र, राम बहादुर वि.क विद्रोही, विर बहादुर विक तरुण, मोहन बहादुर शाही दमन, हिक्मत बहादुर शाही, नविन बहादुर सिजापति, जितेन्द्र सिजापति, तर्क विश्वकर्मा, धर्म सिजापति, बमबहादुर शाही, मनबहादुर शाही, मानबहादुर शाही, मिन बहादुर थापा, धीरेन्द्र कुमार थापा, एटम विश्वकर्मा, कर्णबहादुर शाही, मनसरा रोकाय, धनबहादुर शाही, गोरख रोकाय, सुरेन्द्र रोकया, सुन्दरा विक लगायत थुप्रै नेताहरु माके छाडेर हाम्रो पार्टीमा संगठित हुन भएको छ ।

त्यसैगरी एमालेका जिल्ला सचिवालय सदस्य



● दिपक शाही, दैलेख –२ ख बाट प्रदेश सभाको उम्मेदवार

कर्णबहादुर शाहीले एमाले परित्याग गरी हाम्रो देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट प्रदेश ‘ख’बाट उम्मेदवारी दिनु भएको छ । उहाँसँगै एमालेका थुप्रै नेता कार्यकर्ताहरु हाम्रो पार्टी, मोर्चामा गोलबन्द हुने क्रम जारी छ । यो प्रतिक्रियावादी राज्य व्यवस्थाले जनताको रक्षा, राष्ट्र र राष्ट्रियताको रक्षा नहुने, औद्योगिक विकास नगर्ने भएको हुनाले अब जनतामा आन्दोलनको विकल्प नभएको, विद्रोहको विकल्प नभएको निष्कर्ष सहित त्यसको नेतृत्व गर्दै अगाडि बढ्न जनताले हामीलाई भनिरहनु भएको छ ।

## जनता हाम्रो पार्टी र मोर्चामा संगठित हुँदैछन्

सिरहामा प्रतिस्पर्धाको कोणबाट हेर्दा देजमो, नेपाल, नेपाली काँग्रेस, बामगठबन्धन र फोरम लोकतान्त्रिक वीच रहेको छ । हामी शोषित, उत्पीडित जनतासँग एकाकार हुँदै अगाडि बढिरहेका हुनाले हाम्रो स्थिति अत्यन्तै राम्रो छ ।

हामी गरीव वर्ग, किसान, मधेसी, दलित, आदिवासी जनजातिहरुको शोषण, उत्पीडनबाट मुक्तिको आवाज उठाउँदै गाँस, बास, कपासको ग्यारेण्टी हुनु पर्छ भन्ने मूल एजेण्डा बोकेर जनता माझ गइरहेका छौं ।

जनताहरु हाम्रो संगठन, मोर्चा प्रति अत्यन्तै सकारात्मक छन्, उहाँहरु मोर्चा, पार्टीमा गोलबन्द भई अगाडि बढ्न तयार हुनुहुन्छ । संघर्षको नेतृत्व गर्न हामीलाई साथ, समर्थनसहित जनता आइरहनु भएको छ ।



● जितेन्द्र सिंह, सिराहा–२ बाट प्रतिनिधिसभाको उम्मेदवार

# हामीलाई जनताले वैकल्पिक शक्तिको रुपमा स्वागत गरेका छन्



● शान्तिमान कार्की, सिन्धुली–१ बाट
प्रदेशसभाको उम्मेदवार

सिन्धुलीमा मुख्यतः त्रिकोणात्मक प्रतिस्पर्धा जस्तो देखिन्छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, र पुरानो संसदीय दलहरुको लोकतान्त्रिक गठबन्धन र बाम गठबन्धन वीचको प्रतिस्पर्धाको स्थिति छ । अहिलेको अवस्था जनताले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई नै एउटा वैकल्पिक शक्तिको रुपमा स्वागत गर्ने, सहयोग गर्ने गरेका छन् । त्यसका बावजुद पनि केही अप्ठ्याराहरु पनि छन् जसलाई सहजतामा बदल्न सक्ने हो भने हाम्रो स्थिति थप मजबुत बनाएर जान सक्ने स्थिति छ ।

हामीले अहिलेको संविधान, गणतन्त्र र संघीयताले जनताको सेवामा खासै काम गर्न सक्दैन, नयाँ परिवर्तनको अनुभूति गराइरहेको छैन त्यसैले साँचो अर्थमा जनताको सेवामा, पक्षमा हुने संविधान, गणतन्त्र र संघीयता एवं नयाँ परिवर्तनको लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न गोलबन्द हुन आवश्यक हुने मुख्य एजेण्डा बोकेर यो प्रतिक्रियावादी राज्य व्यवस्थाको भण्डाफोर गर्दै जनताका बीचमा गइरहेका छौं ।

भेटघाट, घरदैलो, कोणसभा गर्दै जनतासँग अन्तर्क्रिया, छलफल हुँदा पटक पटक आन्दोलन पछि धोका पाउँदै आइरहेको स्थिति र फेरि पुरानै व्यवस्थालाई टालतुल पारेर नयाँ बनाएर ल्याउने चीजलाई जनताको बीचमा चिर्नको लागि अलि मेहिनत गर्नु परिरहेको छ, त्यसका वीचमा पनि हाम्रो मोर्चा र पार्टीलाई जनताले राम्रो रेस्पोन्स गरिरहेको हामीले पायौं ।

# जनतामा "मुठ्ठी" चिन्ह स्थापित भइसकेको छ



● धर्मराज पण्डित, प्युठान–१ ख बाट
प्रदेशसभाको उम्मेदवार

नाममा वाम भने पनि सारमा दक्षिणपन्थी गठबन्धनले सामाजिक सञ्जाल र मिडियामा नै मतदान भइसकेको छ मत गठबन्धनको पक्षमा जम्मा भइराखेको छ । अतः पचास हजारको मत अन्तरले गठबन्धनले कांग्रेस र अन्य पार्टीलाई नेतृत्व गरिरहेको छ । तर जनभेटघाट गर्दा अवस्था विल्कुल फरक छ ।

कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरु सबै सरकारमा गइसकेका र सबैले नदीनाला बेच्ने र देशको स्रोत तथा सुरक्षा योजना सबै भारतलाई बुझाउदै आएकालाई यसपाली नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देजमोको चुनाव चिन्ह 'मुठ्ठी' मा मत दिई देजमोका उम्मेदवारलाई जिताउने जनताको कुरा छ । यस कुराले संभावनाको ढोका खोलेको छ ।

नयाँ जनवादी क्रान्ति विना जनताका आवश्यकताहरु पुरा हुन असम्भव छ । त्यस कारण देशमा आमूल परिवर्तनकोलाई संगठित हुन आह्वान गरिएको छ । दक्षिणपन्थी गठबन्धन र घोर प्रतिक्रियावादी पार्टीहरु बोट पैसाले किन्ने बानी परेका रहेछन् ।

हामीले मत किन्ने पैसालाई कब्जा गरी राष्ट्रिय ढुकुटीमा श्रमजीवी जनताको अधिकार वढ्ता रहन्छ त्यसकारण त्यो दुरुपयोग हुन दिन नहुने कुरा सचेत पारेका छौं । कालोबजारी र भ्रष्टचारलाई नियन्त्रण गर्न जनताको दवाव समूह निर्माण गर्दै हिडेका छौं चुनावी कार्यक्रममा विशेष गरि जनभेटघाट र कोणसभाहरु गरिएको छ र पर्चाहरु बाडिएको छ ।

देजमो र मुठ्ठी चिन्ह क्रान्तिकारी माओवादीको हो भन्ने कुरा बुझाउन धेरै गाह्रो परेको छैन । कतिपय हसियाँ हथौडा चिन्ह माओवादीको हो भन्ने भ्रम परेको छ । हामीले हसियाँ हथौडालाई नक्कली कम्युनिष्टहरुले आफ्नो बनाएको हुँदा हामीले मुठ्ठी चुनाव चिन्ह गराएका हौं ।

मुठ्ठी चिन्ह संसारका श्रमजीवी वर्गको एकताको प्रतीक भएको तर वर्गदुश्मन र राष्ट्रघातीको लागि बज्रमुक्का हो भनेर प्रष्ट पारेका छौं । जनताले हामीलाई व्यापक रुपमा गाउँमा आउन र गाउँमै बस्ने सुझाव दिएका छन् । जनवादी क्रान्तिलाई प्रचण्डले जस्तै बिचमै अलपत्र पारेर नछोड्न भनेका छन् । जनताले अहिले हामी नोकरशाही दलाल पुँजीवादी र सामन्ती अधिनायकत्वमा नराम्ररी पिल्सिनु पऱ्यो, यसबाट छिट्टै मुक्त हुन चाहान्छौ भनेका छन् ।

# जनताले हामी साथ दिन्छौं भनेका छन्

तेह्रथुममा संसदीय निर्वाचन संसदवादीहरुको विकृतिको दलदलमा फस्दै गएको पाइन्छ । ठूला भनाउँदा दलहरुले साम, दाम, दण्ड, भेद प्रयोग गरेर चुनाव जित्ने होडबाजी गरेको नाङ्गो आखाले देख्न सकिन्छ ।

जनतालाई जागिर, कपोकल्पित विकासका सपना बाँड्ने प्रलोभनमा फसाएर भोट लिने होड छ । पैसा, मासु, मदिरा र हुल्लडवादको प्रयोग बढ्दो छ । पैसा नहुने इमान्दार र पुराना नेताहरुले चुनावमा भाग लिने अवस्थाको अन्त्य हुदै गएको पाइन्छ । यो गतिविधिले कथित लोकतन्त्र समाप्त हुने स्थितिमा छ ।

हामी यस क्षेत्रमा संसदीय व्यवस्थाको भण्डाफोर गर्ने नीति लिएर अगाडि बढिरहेका छौं । त्यसका अलबा जिल्लाको चौतर्फी विकासको सम्भावनालाई पनि उजागर गरी रहेका छौं । जस्तै कृषिपालनलाई आधुनिकीकरण र व्यवसायिकरण गर्ने, सिचाई, खानेपानी, बाटो र पर्यटन विकासमा जोड दिने, त्यसैगरी युवाहरुलाई स्वरोजगार बनाउने, खेलकुदको विकास गर्ने आदि कुराहरुको जिल्लाव्यापी रुपमा प्रचार प्रसार भेटघाट पर्चा, पोस्टर वितरण तीव्र पारिएको छ ।

हाम्रो नीति कार्यक्रम संसदीय व्यवस्थाको भण्डाफोर, विद्यमान संविधानको खारेजी र जनसंविधान बनाउने र जनवादी क्रान्ति गर्ने विचार जनतामा राख्दा 'कुरा सारै ठिक



● केवि फुदोङ,तेन्हथुम–१ बाट
प्रतिनिधिसभाको उम्मेदवार

हो तर अलि सम्भव हुन्छ र ?' भन्ने आशंका व्यक्त गरेको पाइयो तर गर्दै जानुहोस्, हामी साथ दिन्छौ भनेका छन् ।

# जनतामा पार्टी र मोर्चा स्थापित भएको छ

हाम्रो क्षेत्रमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, लोकतान्त्रिक गठबन्धन र बाम गठबन्धन वीचको प्रतिस्पर्धा नै मुख्य रुपमा रहेको छ ।

जनताको वीचमा पुग्दा हामीप्रति जनताको प्रतिक्रिया अत्यन्तै सकारात्मक, उत्साहजनक रहकाले हाम्रो मोर्चाको सम्भावना अत्यन्तै रहेको भन्न सक्छौं ।

अहिलेको संविधानको खारेजी, जनगणतन्त्रको स्थापनाको मूल नारा, एजेण्डा सहित प्रतिक्रियावादी राज्य व्यवस्थाको भण्डाफोर गर्दै घरदैलो, कोणसभा र जनतासँग घनिभूत छलफल, अन्तर्क्रिया गर्दै अगाडि बढिरहेका छौं ।

अहिले लोकतान्त्रिक गठबन्धन र बाम गठबन्धनबाट जनता आजित भएर हामीलाई बैकल्पिक शक्ति, जनपक्षीय शक्तिको रुपमा लिइरहेको छ, यसरी जनताको साथ समर्थनबाट देजमो, नेपाल मकवानपुरमा स्थापित एवं जिततर्फ अगाडि बढ्दै छ ।



● दिल बहादुर घिसिङ, मकवानपु–१ बाट
प्रतिनिधिसभाको उम्मेदवार

## सिंहदरवार ...

छन् । हरेक दुःख कष्ट, आपत/विपत र कठिनाईसंग जुध्दै संघर्षको क्रममा अद्वितीय कीर्तिमान राख्दै आएका छन् । त्याग र बलिदानको श्रृंखलालाई हेर्न हो भने विश्वका अरु मुलुकमा गनिन्छ नेपाल । हिमाल, पहाड, तराई तीनै प्रदेशको पूँजी अथाहा छ । नेपाली पूँजीलाई सहि ढंगले प्रयोग गर, नेपालका विज्ञ तथा दक्षजनशक्तिलाई उचित रोजगार प्रबन्ध मिलाऊ, आफ्नो देशको पूँजी परिचालन गरी विकास र रोजगारीको पूर्वाधार तयार गर, नेपालको उर्जाशील जनशक्तिलाई विदेशीन वाध्य नपार, मुलुकलाई अग्रगामी राजनैतिक निकास देऊ र आत्मनिर्भर अर्थतन्त्रको विकास गर, देशको जल, जंगल, जनशक्ति, जमिन विदेशीलाई नबेच, सत्तालिप्साको लागि शक्ति राष्ट्रको दलाली नगर, असंलग्न परराष्ट्र नीतिको आधारमा सार्वभौमसत्ता सम्पन्न मुलुकको स्वाभिमान कायम राख, कुनै वैदेशिक शक्ति सामु नझुक, वीर वलभद्र, भिमसेन थापा जस्ता वीर विरंगनाहरुको इतिहास कायम राख, नेपालीलाई आत्मगौरभका साथ बाँच्न देऊ, प्रतिगामी राज्यव्यवस्था हटाएर अग्रगामी प्रगतिशील राज्यव्यवस्था स्थापना गर, यहाँका विभिन्न जाति, वर्ग, लिङ्ग र उपेक्षित क्षेत्रका समस्याहरु सम्बोधन गरी हरेक नीति निर्माण गर्ने र राज्य संचालन गर्ने तहसम्म उनीहरुको स्थान सुनिश्चित गर, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग लगायतका विकास निर्माणका क्षेत्रमा वैज्ञानिक र व्यवहारिक नीति योजना लागु गर, विभिन्न जाति, वर्ग, क्षेत्र तथा लिङ्ग माथि भैरहेको उत्पीडन र विभेदको अन्त्य गर, राज्यको राष्ट्रिय नीति र परराष्ट्र नीति ठोस गर र सबै मित्र राष्ट्रहरुसँग समदुरी कामम गर, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको ग्यारेण्टी गर, जस्ता सयौं माग र नाराहरु लिएर नेपाली जनताले कैयौं पटक सशस्त्र र निशस्त्र संघर्षहरु गरे । तर त्यसको परिणाम अझै जनताले चाहे जस्तो र खोजेको जस्तो आउन सकेको छैन । उक्त संघर्षहरुले उपरीसंरचनामा केही फेरबदल ल्याएता पनि गुणात्मक र आधारभूत रुपले कुनै परिवर्तन ल्याउन सकेनन् । यसलाई ठुलो दुर्भाग्य नै मान्नु पर्छ ।

१०४ वर्ष राणा शासनको ठाउँ २००७ सालमा राणा, राजा र कांग्रेसको त्रिपक्षीय गठबन्धनले लियो । रुपमा जनतामा त्यसले केही सकारात्मक प्रभाव पारेता पनि सारमा केही दिन सकेन । फलस्वारुप २०१७ मा महेन्द्रले त्यसलाई ब्रेक गरेर आफ्नो हातमा सत्ता ल्यायो र निरंकुश पंचायत लाद्‌यो । त्यसबाट पनि जनताले आहात भन्दा राहात पाउन सकेनन् र ३० वर्षपछि २०४७ मा बहुदलको पुनःस्थापना गरे । उक्त बहुदलबाट पनि केही प्राप्त भएन । एवम् रितले १० वर्ष जनयुद्ध लडे । दशवर्षको जीवनमरणको लडाईंमा जनताले आमूल परिवर्तनको निम्ति सर्वस्व गुमाए । विजयको



संघारमा पुगेको जनयुद्धले नेतृत्वको आत्मसमर्पण र दलाली चरित्रका कारण धोका खायो र सिंगो राष्ट्र र सर्वहारा वर्गमाथि नै डरलाग्दो घात भयो । आमूल परिवर्तनको रुपरेखाकारी रहेको जनयुद्धले ठुलो सेटब्याक खायो । ०६२/६३ को दोश्रो जनआन्दोलनले सामन्ती राजतन्त्रको अन्त्य त गऱ्यो तर यसले पनि जनताका आधारभूत समस्याहरु हल गर्न र मुलुकलाई रुपान्तरणको दिशामा लैजान सकेन । जनताका र राष्ट्रका समस्याहरु ज्युँ का त्युँ मात्र रहेनन्, अपितु पछिल्लो चरणमा सिन्डिकेटका सत्तासिनहरुको दलाली र सत्ता लोपुपताको प्रतिस्पर्धाले झन् गंभीर स्थिति पैदा गरिदियो । राष्ट्रियता झन् पछि खतरमा पर्दै गयो र आम स्वाभिमानी नेपालीहरुमा 'हामी नेपाली भएर स्वाभिमानका साथ बाँच्न पाउछौं की पाउँदैनौ' भन्ने चिन्ता बढेर गयो । नेपाली जनताको निम्ति वर्तमानको सरकारका राजनेता भनाउँदाहरु हटी दे गाँउ भन्दा थपी दे गाउँ बन्न गए । नेपाली जनताको जीवनस्तर झन खस्किदै गयो । नेपाली जनतामा आमूल परिवर्तनको चिन्ताभन्दा पनि कसरी बाँच्ने भन्दा पनि कसरी बाँच्ने भन्ने चिन्ता प्रमुख बनेर आयो । यसले गर्दा समग्र राजनीतिप्रति नै जनताको घृणा, उपेक्षा र उदासीनताको खतरा देखा पऱ्यो । यो राष्ट्रको भविष्यको निम्ति गंभीर चिन्ताको विषय हो ।

आखीर किन यस्तो भयो त ? यसो हुनुमा मुख्यतः २ वटा कारण रहेको देखिन्छ । पहिलो कारण जनताले आजसम्म गरेका थुप्रै संघर्षहरु लक्ष्य उद्देश्यमा नपुग्दै बिचमै तुहिनु अर्थात् नेतृत्वको गद्दारीका कारण सम्झौतामा टुंगीनु र जनतालाई ढाल बनाएर नेतृत्व सत्ताको ऱ्यालमा बस्नु । दोस्रो कारण हो सिंहदरबारमा वास्तविक सिंह प्रवेश गर्न नपाउनु र त्यहाँ भोका स्यालहरु र ब्वाँसाहरुले कब्जा जमाउनु । यी दुई कारण नै नेपाली शोषित उत्पीडत जनताको दुर्दसाको भोगाई हो । जबसम्म सिंह दरबारबाट भोका स्याल र व्वाँसाहरुलाई लखेट्ने अभियान चल्दैन, जबसम्म त्यहाँ सामन्तावाद, विस्तारवाद, साम्रज्यवाद र तिनका पुच्छरहरुका विरुद्ध गर्जिने वास्तविक सिंह त्यहाँ प्रवेश गर्दैन, तबसम्म नेपाली जनता र राष्ट्रले यो भन्दा अझ गंभीर नियति भोग्नुपर्ने हुन्छ । संसदीय व्यवस्था र यसको चरित्र यस्तै हो । यो त भुक्तभोगी अग्रजहरुले भने जस्तो संसदीय व्यवस्था भनेको खसीको टाउको झुण्डाएर कुकुरको मासु बेच्ने कसाईहरुको पसल हो । अर्को शब्दमा भन्दा राष्ट्रका कुलंगारहरुले हरेक दुईचार वर्षमा पालैपालो संग राष्ट्रको सम्पत्ति ब्रम्हलुट गर्ने थलो हो ।

सिंह दरबारमा ब्वाँसाहरु नाची रहेछन्
सिंह दरबारमा भोका स्यालहरु हाँसी रहेछन्
सिंह दरबारमा काला गोमनहरु फूर्कि रहेछन्
सिंह दरबारमा हरिया करेतहरु हुर्कि रहेछन्
अनि लुछि रहेछन् धर्तीको जीर्ण शरिर
अनि भुटी रहेछन राष्ट्रको ढुकुटी
अनि डसी रहेछन् राष्ट्रिय अस्मिता
अनि डसी रहेछन् जनताका मौलिक हक अधिकारहरु
यहाँ त धुर्त ब्वाँसाहरुको निम्ति आयो लोकतन्त्र
यहाँ त लुच्चा स्यालहरुको निम्ति आयो लोकतन्त्र
यहाँ त जनताहरुको निम्ति आयो भोकतन्त्र, केवल शोकतन्त्र
सिंह दरबारमा साँच्चैको सिंह नपसेसम्म
जनताको निम्ति आउने छैन लोकतन्त्र
सिंह दरबारमा साँच्चैको सिंह नबसेसम्म

जनताको निम्ति आउने छैन जनतन्त्र
त्यसैले त,
विस्तारै कदम चाली रहेछ सिंह
आफ्नो लक्षित गन्तव्यमा पुग्न
विस्तारै गर्जन छोडी रहेछ सिंह धुर्त ब्वाँसा र भोका स्यालहरुको यौटै चिहान बनाउन ।

# एउटै झिल्कोले डढेलो लगाउन सक्छ

● माओत्सेतुङ

हाम्रो पार्टीका केही कामरेडहरु वर्तमान परिस्थितिको सही रुपमा कसरी विश्लेषण गर्ने र साथै कस्तो खालको पाइला चाल्ने भन्ने सवालको टुंगो कुन ढंगबाट लगाउने भन्ने कुरालाई अझ पनि बुझ्दैनन् । क्रान्तिकारी उत्थान अनिवार्य छ भन्ने कुरामा त उनीहरु विश्वास गर्छन्, तर यो चाँडो आउनेछ भन्ने कुरामा उनीहरु विश्वास गर्दैनन् । यसर्थ उनीहरु च्याङ्सीमाथि कब्जा गर्ने योजनालार्य अस्वीकार गर्छन् र फूच्येन, क्वाङतुङ र च्याङ्सीको सिमानामा रहेका तीन इलाकाहरुमा घुमक्कड छापामार कारबाहीलाई मात्र स्वीकार गर्छन् । यसका साथै, छापामार इलाकाहरुमा लाल राजनीतिक सत्ता कायम गर्नुको अर्थ के हो भन्नेबारे उनीहरुमा गहन समझदारी छैन, त्यसैले लाल राजनीतिक सत्तालाई सुदृढ र विस्तारित गरेर राष्ट्रव्यापी क्रान्तिकारी उत्थानलाई तीव्र पार्ने धारणाबारे पनि उनीहरुमा गहन समझदारी छैन । उनीहरुको कस्तो विचार छ जस्तो लाग्छ भने क्रान्तिकारी उत्थान अहिले पपनि धेरै टाढाको कुरा भएकोले, कठिन पश्रिम गरेर राजनीतिक सत्ता कायम गर्नु व्यर्थ हुनेछ । बरु उनीहरु घुमक्कड छापामार कारबाहीको बढी सजिलो उपायबाट हाम्रो राजनीतिक प्रभावलाई बढाउन चाहन्छन् र सम्पूर्ण मुलुकका आम जनतालाई पूरैसित वा धेरथोर पूरैसित आफ्नो पक्षमा तानिसकेपछि उनीहरु यस्ता राष्ट्रव्यापी सशस्त्र विद्रोह चलाउन चाहन्छन्, जुन विद्रोह लालसेनाको सहभागिताबाट एउटा महान् राष्ट्रव्यापी क्रान्ति बन्नेछ । हामीले पहिले मुलुकव्यापी मात्रामा र सबै प्रदेशहरुमा आम जनतालाई आफ्नो पक्षमा ल्याउनुपर्छ र अनि राजनीतिक सत्ता स्थापना गर्नुपर्छ भन्ने उनीहरुको सिद्धान्तको चिनियाँ क्रान्तिकारी वस्तुस्थितिसित मेल खाँदैन । चीन एउटा यस्तो अर्धऔपनिवेशिक मुलुक हो, जसको लागि धेरै साम्राज्यवादी शक्तिहरु टँछाडमछाड गरिरहेका छन् भन्ने तथ्यलाई स्पष्टसित नबुझ्नु नै यस सिद्धान्तको मुख्य जड हो । यस तथ्यलाई जसले स्पष्टसित बुझेको हुन्छ, उसले किन शासकवर्गहरुबीच दीर्घकालीन तथा जटिल युद्धको असाधारण चीज चीनमा मात्र पाइन्छ, किन यो युद्ध अविरत रुपमा झन् झने बढी भषण हुँदो छ र किन चीनमा कहिले पनि एकीकृत शासन भएको छैन भन्ने कुरालाई प्रथमतः बुझ्नेछ । दोस्रो, उसले किसान समस्याको गम्भीरतालाई बुझ्ने छ र किन वर्तमान मुलुकव्यापी मात्रामा ग्रामीण विद्रोहहरुको विकास भएको छ भन्ने कुरालाई बुझ्नेछ । तेस्रो, उसले किसान तथा मजदुरहरुको जनवादी राजनीतिक सत्ताको नाराको औचित्यलाई पनि बुझ्नेछ । चौथो, उसले चीनभन्दा बाहिर नघटेको र पहिलोबाट (चीनमा मात्र शासकवर्गहरुबीच दीर्घकालीन र जटिल युद्ध विद्यमान छ भन्ने कुराबाट उत्पन्न भएको अर्को असाधारण घटनालाई अर्थात् लालसेनाको अस्तित्व तथा विकास र त्यस सँगसँगै श्वेत शासनको घेराको बीचमा लाल इलाकाहरुको अस्तित्व र विकासलाई पनि बुझ्नेछ र पाँचौ, उसले कुन कुरा बुझ्नेछ भने अर्धऔपनिवेशिक चीनमा लालसेना, छापामार सेना र लाल इलाकाहरुको सीथापना र विस्तार हुनु सर्वहारावर्गको नेतृत्वमा किसान संघर्षको उच्चतम रुप हो, अर्धऔपनिवेशिक किसान संघर्षको अभिवृद्धिको अनिवार्य परिणाम हो र निःसन्देह रुपमा सम्पूर्ण मुलुकमा क्रान्तिकारी उत्थानलाई तीव्र पार्ने सबभन्दा महत्वपूर्ण साधन हो र छैठौं, उसले के पनि बुझ्नेछ भने घुमक्कड छापामार कारबाही चलाउने नीतिले यस राष्ट्रव्यापी क्रान्तिकारी उत्थानलाई तीव्र पार्ने अभिभारालाई पूरा गर्न सक्दैन र चू तेह तथा माओत्सेतुङद्वारा र फाङ चमिनद्वारा (१) पनि अपनाइएको नीति, अर्थात् आधार क्षेत्रहरु कायम गर्ने, व्यवस्थित रुपले राजनीतिक सत्ता स्थापना गर्ने, भूमि क्रान्तिलाई गहन पार्ने, पहिले नगर लालरक्षम दल, अनि जिल्ला ला रक्षक दल, अनि काउन्टी लाल रक्षक दल, अनि स्थानीय लालसेना र अनिन यस ढंगबाट नियमित लालसेनाको विकास गरेर जनताको सशस्त्र सेनालाई विस्तार गर्ने र छालझैं अघि बढेर राजनीतिक सत्ताको प्रसार गर्ने नीति अवश्य पनि सही नीति हो । यस ढंगबाट मात्र सम्पूर्ण मुलुकका क्रान्तिकारीकारी जनताको



विश्वास प्राप्त गर्नु सम्भव हुन्छ । जस्तो कि सोभियत संघले संसारभर विश्वास प्राप्त गरेको छ । यस ढंगबाट मात्र प्रतिक्रियावादी शासकवर्गहरुका लागि ठूल-ठूला कठिनाइहरु पैदा गर्नु, उनीहरुको जगलाई हल्लाउनु र उनीहरुको आन्तरिक विघटनलाई छिटो पार्नु सम्भव हुन्छ । यस ढंगबाट मात्र यस्तो लालसेनाको सिर्जन ागर्न साँच्चिकै सम्भव हुन्छ, जु भविष्यको महान् क्रान्तिका लागि मुख्य साधन बन्नेछ ।

क्रान्तिकारी उत्ताउलोपनका शिकार बनेका कामरेडहरु क्रान्तिका मनोगत शक्तिहरुको (२) बढाइचढाइ मूल्यांकन गर्छन् र प्रतिक्रान्तिका शक्तिहरुको कम मूल्यांन गर्छन् । यस्तो मूल्यांकनको मुख्य कारण मनोगतवाद हो । निःसन्देह रुपमा, विप्लववादमा गएर यसको अन्त्य हुन्छ । अर्कोतिर, क्रान्तिका मनोगत शक्तिहरुको कम गरेर मूल्यांकन गर्नु र प्रतिक्रान्तिका शक्तिहरुको बढाइचढाइ मूल्यांकन गर्नु पनि अनुचित मूल्यांकन हुनेछ र त्यसले अवश्यक पनि अर्को खालका खराब परिणामहरु पैदा गर्नेछ । तसर्थि, चीनको वर्तमान परिस्थितिबारे विचार गर्दा तलका कुराहरु बुझ्न आवश्यक छ ।

१. चीनमा क्रान्तिका मनोगत शक्तिहरु अहिले कमजोर छन्, तर प्रतिक्रियावादी शासकवर्गहरुका सबै संगठनहरु (राजनीतिक सत्ताका निकायहरु, सशस्त्र सैन्य- शक्ति, राजनीतिक पार्टीहरु आदि) पनि कमजोर छन् किनभने ती संगठनहरु चीनको पिछडिएको तथा कमजोर सामाजिक तथा आर्थिक बनौटमाथि आधारित रहेका छन् यसले पश्चिम युरोपका मुलुकहरुमा किन तुरुन्त क्रान्ति हुन सक्दैन भन्ने कुराको व्याख्या गर्नमा मद्दत गर्छ, किनभने ती मुलुकहरुमा अहिले क्रान्तिका मनोगत शक्तिहरु शायद चीनमा भन्दा अलि बढी बलिया छन् तापनि प्रतिक्रियावादी शासकवर्गहरुका शक्तिहरु धेरै गुणा बढी बलिया छन् । यसले किन चीनमा क्रान्ति अवश्य पनि बढी छिटोसित ठूलो उत्थानतर्फ ऱअघि बढ्नेछ भन्ने कुराको व्याख्या गर्न पनि मद्दत गर्छ, किनभने चीनमा अहिले क्रान्तिका मनोगत शक्तिहरु कमजोर छन्, तापनि प्रतिक्रान्तिका शक्तिहरु पनि अपेक्षाकृत कमजोर छन् ।

२. १९२७ मा क्रान्तिको पराजयदेखि क्रान्तिका मनोगत शक्तिहरु वास्तवमा निकै कमजोर भएका छन् । बचेका शक्तिहरु ज्यादै साना छन् र बाहिरी रुपमात्र हेरेर फैसला गर्ने कामरेडहरु स्वभावतः निराश हुन्छन् । तर सारभूत चीजहरु हेरेर फैसला गरिएमा नतिजा बिल्कुल अर्कै निस्कन्छ । यहाँ हामी 'एउटा झिल्कोले डढेलो लगाउन सक्छ' भन्ने एउटा पुरानो चिनियाँ उखानलाई लागू गर्न सक्छौं । अर्को शब्दमा भन्ने हो भने हाम्रो शक्तिहरु अहिले साना भए पनि, ती खुब छिटोसित बढ्नेछन् । चीनको विद्यमान स्थितिमा, तिनीहरुको अभिवृद्धि सम्भव मात्र होइन, ,बरु वास्तवमा अनिवार्य पनि छ र यस कुरालाई मई ३० को आन्दोलन र त्यसपछिको महान् क्रान्तिले पूर्णतया प्रमाणित गरेका छन् । कुनै चीजको अध्ययन गर्दाखेरि हामीले त्यसको सारतत्वको जाँच गर्नुपर्छ र त्यसको बाहिरी रुपलाई सारतत्वको संघारमा पुग्नका लागि मार्गदर्शक मात्र ठान्नुपर्छ र संघार नाघिसकेपछि हामीले सो चीजको सारतत्वलाई राम्ररी बुझ्नुपर्छ । यो नै विश्लेषणको एकमात्र भरपर्दो तथा वैज्ञानिक तरिका हो ।

३. त्यसरी नै प्रतिक्रान्तिकारी शक्तिहरुको मूल्यांकन गर्दा, हामीले तिनको बाहिरी रुपलाई मात्र कदापि हेर्न हुँदैन, बरु तिनको सारतत्वको अध्ययन गर्नुपर्छ । हुनान-च्याङसी सीमा क्षेत्रको हाम्रो स्वाधीन शासनको प्रारम्भिक अवधिमा, कोही कामरेडहरुले हुनान प्रान्तीय कमिटीको गलत मूल्यांकनमा साँच्चिकै विश्वास गरेर वर्गशत्रुलाई तृण बराबर ठाने । हुनानका शासक लू ती-फिङको (३) मूल्यांकन गर्दा त्यसताका (मईदेखि जून १९२८ सम्म) हुनान प्रान्तीय कमिटीले 'असाध्या धरमपराउँदो' र 'ज्यादै आत्तिएको' भन्ने जुन वर्णनात्मक वाक्यांशहरु प्रयोग गरेको थियो ती आजसम्म पनि उपहासको विषय बनेका छन् । यस्तो मूल्यांकनले आवश्यकीय रुपमा राजनीतिक क्षेत्रमा विप्लववादलाई जन्मायो । तर सो सालको नोभेम्बरदेखि फेब्रुअरी १९२९ सम्मको चार महिनामा (च्याङ काइ सेक र च्याङ्सीको युपतिहरुबीचको युद्धभन्दा पहिले (४)) जब शत्रुको तेस्रो 'संयुक्त रुपमा नष्ट पार्ने अभियान (५) 'चिङकाङ पहाडतर्फ बढिरहेको थियो, तब कोही कामरेडहरुले यो प्रश्न उठाए : ' हामी लाल झण्डालाई कहिलेसम्म फहराएर राख्न सकौंला ?' वास्तविक कुरा के भने त्यसबेलासम्ममा चीनमा बेलायत, संयुक्त राज्य अमेरिका र जापानबीचको संघर्षले सर्वथा खुल्ला रुप लिइसकेको थियो र च्याङ काइ सेक, च्याङसी गुट र फङ यु स्याङको बीचमा जटिल युद्धको स्थिति पैदा हुँदै थियो, त्यसैले वास्तवमा त्यो त्यही समय थियो जब प्रतिक्रान्तिकारी लहर सेलाउन र क्रान्तिकारी लहर फेरि उठ्न थालेका थिए । तर नि लालसेना र स्थानीय पार्टी संगठनहरुमा मात्र निराशावादी विचारहरु रहेका होइनन्, केन्द्रीय कमिटी समेतले पनि बाहिरी रुपलाई हेरेर विचलित भई निराशावादी स्वर निकाल्न पुग्यो । केन्द्रीय कमिटीको फेब्रुअरीको पत्र त्यसबेला पार्टीद्वारा गरिएको निराशावादी विश्लेषणको प्रमाण हो ।


४. आजको वस्तुगत परिस्थिति कस्तो छ भने जो कामरेडहरु आफ्नो सामुको यथार्थ स्थितिको सारतत्वलाई नहेरिकन बाहिरी रुपलाई मात्र हेर्छन्, उनीहरु सजिलैसित बहकिन सक्छन् । खास गरेर, जब लालसेनामा काम गरिरहेका हाम्रा कामरेडहरु लडाइँ हार्छन् वा शत्रुको बलियो सेनाको घेरामा पर्छन् वा त्यसद्वारा लखेटिन्छन्, तब मानो चीनको र विश्वको सम्पूर्ण परीसथति बिल्कुल आशाप्रद नभएको र क्रान्तिको विजयका सम्भावनाहरु टाढा भएको झैं ठानेर, उनीहरु अक्सर अन्जान रुपमा आफ्नो क्षणिक, विशिष्ट तथा सीमित स्थितिलाई सर्वव्यापी रुप दिन्छन् र त्यसको बढाइचढाइ मूल्यांकन गर्छन् । चिजहरुको निरीक्षण गर्दा उनीहरुले बाहिरी रुपलाई हेर्ने र सारतत्वलाई पन्छाउने गर्नाको कारण के हो भने उनीहरुले सम्पूर्ण परिस्थितिको सारतत्वको वैज्ञानिक विश्लेषण गरेका छैनन् । चीनमा क्रान्तिकारी उत्थान चाँडो हुनेछ कि छैन भन्ने जुन सवाल छ त्यसको निश्चित जवाफ तब मात्र दिन सकिन्छ, जब हामी क्रान्तिकारी उत्थान ल्याउने अन्तरविरोधहरुको विकास साँच्चिकै भइरहेको छ कि छैन भन्ने कुरा यकिन गर्न विस्तृत परीक्षण गर्दछौ । संसारमा साम्राज्यवादी मुलुकहरुको बीचमा, साम्राज्यवादी मुलुकहरु र तिनका उपनिवेशहरुको बीचमा र साम्राज्यवादीहरुले प्रतिस्पर्धालाई तीव्र पार्नुपरेका छन् । जब चीनमाथि अधिकार जमाउनका लागि साम्राज्यवादीहरुबीच संघर्ष अधिक तीव्र बन्छ, तब चिनियाँ माटोमा साम्राज्यवाद र सम्पूर्ण चिनियाँ जातिबीचको अन्तरविरोध र खुद साम्राज्यवादीहरुबीचका अन्तरविरोध दुवै सँगसँगै विकसित हुन्छन् र यसरी चीनका प्रतिक्रियावादी शासकहरुका विभिन्न गुटहरुको माझमा यस्तो जटिल युद्धको सिर्जना हुन्छ, जुन दिन परदिन व्यापक तथा तीव्रतर हुँदै जान्छ र तिनीहरुबीचका अन्तरविरोधहरु अविरल रुपमा विकसित हुँदै जान्छन् । प्रतिक्रियावादी शासक गूटहरुमाझका अन्तरविरोधहरु युद्धपतिहरुमाझको जटिल युद्धको फलस्वरुप कहरुको बोझा बढेर जान्छ र त्यसले गर्दा कर तिर्ने आमजनता र प्रतिक्रियावादी शासकहरुबीचको अन्तरविरोधको फलस्वरुप, चिनियाँ उद्योगपतिहरुले साम्राज्यवादीहरुबाट सहुलियतहरु पाउन सक्नेछैनन् र यसले गर्दा चिनियाँ पुँजीपतिवर्ग र चिनियाँ मजदुरवर्ग बीचको अन्तरविरोध बढ्छ किनभने चिनियाँ पुँजीपतिहरु मजदुरहरुको घोर शोषण गरेर आफ्नो बाटो निकाल्न खोज्छन् र मजदुरहरु त्यसको प्रतिरोध गर्छन् । साम्राज्यवादी व्यापारिक आक्रमण, चिनियाँ महाजन-पुँजीपतिहरुद्वारा लूट, अधिक चर्को सरकारी करहरु, आदिको फलस्वरुप जमिन्दारवर्ग र किसानवर्गबीचको अन्तरविरोध झन् बढ्छ अर्थात् कूत तथा सूदखोरीद्वारा गरिने शोषण धेरै बढ्छ र जमिन्दारहरुप्रति किसानहरुको घृणा बढ्छ । विदेशी वस्तुहरुको दवाव, मजदुर तथा किसान जनताको क्रय शक्तिको ह्रास र सरकारी विदेशी वस्तुहरुको दवाव, मजदुर तथा किसान जनताको क्रय शक्तिको ह्रास र सरकारी करमा वृद्धिको कारणले गर्दा, चीनमा बनेका वसतुहरुको व्यापार गर्ने व्यापारीहरु र स्वतन्त्र उत्पादकहरु झन्झन् बढी संख्यामा दिवालिया बन्दैछन् । आफूसित रसद र कोषको कमी भए पनि प्रतिक्रियावादी सरकार अनवरत रुपमा आफ्नो सेनालाई बढाउँदै जान्छ र यसरी सिथितिमा रहन्छन् । सरकारी करमा वृद्धि जमिन्दारहरुबाट कूत तथा व्याजमा गरिने वृद्धि र युद्धका विभीषिकाहरुको दिन परदिन प्रसारले गर्दा, सबै गाउँहरुमा अनिकाल र डकैती हुन्छ र किसान जनता र शहरका गरिबहरुको लागि जीवननिर्वाह गर्न धौ-धौ पर्छ । स्कुलहरुमा पैसा हुँदैन, त्यसैले धेरै विद्यार्थीहरु आफ्नो पढाइ बीचैमा रोकिएला भनी चिन्तित रहन्छन् । उत्पादन पिछडिएको हुनाले धेरै स्नातकहरुमा रोजगारी पाउने आशा हुँदैन । यसरी हामीले यी सारा अन्तरविरोधहरुलाई बुझ्यौ भने, हामी चीनको अवसीथा कति नाजुक, कति अस्तव्यस्त छ भन्ने कुरालाई बुझ्नेछौं । हामीले के पनि थाहा पाउनेछौं भने साम्राज्यवादी, युद्धपति र जमिन्दारहरुको विरुद्ध क्रान्तिको उत्थान अनिवार्य छ र त्यो खुब चाँडो आउनेछ । सारा चीनमा सुकेका दाउराहरुको रास लागेको छ र यो चाँडै नै जल्नेछ । 'एउटै झिल्कोले डढेलो लगाउन सक्छ' भन्ने उखानले वर्तमान परिथितिको विकास कुन ढंगबाट हुन्छ भन्ने कुरालाई राम्ररी बताउँछ । धेरै ठाउँहरुमा विकसित भइरहेका मजदुर हडताल, किसान विद्रोह, सैनिक विद्रोह र विद्यार्थी हडतालहरुलाई हेरेको खण्डमा हामी के थाहा पाउन सक्छौ भने 'एउटा झिल्को'बाट 'डढेलो' लाग्नु धेरै बेरको कुरा हुन सक्दैन । अप्रिल ५, १९२९ मा केन्द्रीय कमिटीलाई पठाइएको मोर्चा कमिटीको पत्रमा उपर्युक्त कुराहरुको सारांश रहेको छ । त्यसको एउटा अंश निम्न प्रकारको छ ।

'केन्द्रीय कमिटीको (फेब्रुअरी १९२९ को) पत्रमा वस्तुगत परिस्थितिको अति नैराश्यपूर्ण मूल्यांकन गरिएको छ । चिङकाङ पहाडको विरुद्ध चलाइएका क्वोमिन्ताङका तीन वटा 'दमन गर्ने' अभियानहरु प्रतिक्रान्तिकारी ज्वारको चरम सीमाका चिन्ह थिए । तर त्यो ज्वार त्यही पुगेर रोकियो र त्यसपछिदेखि प्रतिक्रान्तिकारी ज्वार विस्तार-विस्तार सेलाएको छ र क्रान्तिकारी ज्वार विस्तार विस्तार उठेको छ । हाम्रो पार्टीका जुझारु क्षमता र संगठनात्मक तागत केन्द्रीय कमिटीद्वारा बताइएको हदसम्म घटेका छन्, तर त्यसलाई छिटो फेरि प्राप्त गरिनेछ र प्रतिक्रान्तिकारी ज्वार विस्तार विस्तार सेलाएपछि कामरेडहरुमा रहेको निस्क्रियता पनि छिटो बिलाउनेछ । आम जनता अवश्य पनि हाम्रो पक्षमा आउनेछन् । क्लोमिन्ताङको जनसंहार गर्ने नीतिले 'माछालाई गहिरो पानीमा भगाउनेछ' (६) भन्ने उखानलाई चरितार्थ गर्छ र सुधारवादले अबउ उप्रान्त जनसमर्थन पाउने छैन । निश्चित कुरा के छ भने क्वोमिताङको बारेमा आम जनतामा रहेको भ्रम चाँडे हट्नेछ । अनि जुन परिस्थिति उत्पन्न हुनेछ, त्यसमा आम जनतालाई आफ्नो पक्षमा तान्नमा अरु कुनै पनि पार्टीले कम्युनिष्ट पार्टीको मुकाबिला गर्न सक्नेछैन । पार्टीको छैठौ राष्ट्रिय महाधिवेशनद्वारा (७) प्रतिपादित राजनीतिक कार्यदिशा र संगठनात्मक कार्यदिशा सही छन् र ती यस प्रकारका छन् : वर्तमान चरणमा क्रान्ति जनवादी हो र समाजवादी होइन, र पार्टीको वर्तमान अभिभारा (यहाँ 'ठूल-ठूला शहरहरुमा' भन्ने वाक्यांश थपिनु पर्दथ्यो) (८) आम जनतालाई आफ्नो पक्षमा तान्नु हो र तुरुन्त विद्रोह गर्नु होइन । तथापि क्रान्तिको छिटो विकास हुनेछ र हामीले सशस्त्र विद्रोहका लागि आफ्नो प्रचार र तैयारीमा सकारात्मक रुख अपनाउनुपर्छ । वर्तमान अस्तव्यस्त परिस्थितिमा हामीले सकारात्मक नाराहरु दिएर र सकारात्मक रुख अपनाएर मात्र जनताको नेतृत्वव गर्न सक्छौ । यस्तो रुख अपनाएर मात्र पार्टीले आफ्नो जुझारु क्षमतालाई फेरि प्राप्त गर्न सक्छ । सर्वहारा नेतृत्व नै क्रान्तिमा विजय प्राप्तिको ढोका खोल्ने एकमात्र साधन हो । पार्टीको लागि सर्वहारा आधारको निर्माण गर्नु र प्रमुख जिल्लाहरुका औद्योगिक व्यवसायहरुमा पार्टी-शाखाहरु सीथापना गर्नु वर्तमान समयमा पार्टीका महत्वपूर्ण संगठनात्मक अभिभाराहरु हुन् । तर यसका साथै, शहरमा चल्ने संघर्षलाई मद्दत गर्नका लागि र क्रान्तिकारी उत्थान छिटो ल्याउनका लागि खास प्रमुख पूर्व शर्तहरु यी हुन् : देहातमा संघर्षको विकास गर्नु, स-साना इलाकहरुमा लाल राजनीतिक सत्ता स्थापना गर्नु र लालसेनाको निर्माण तथा विकास गर्नु । तसर्थ, शहरमा संघर्षलाई परित्याग गर्नु, गलत हुनेछ । तर हाम्रो विचारमा, हाम्रा कुनै कुनै पार्टी सदस्यहरु कुन कुरादेखि डराउनु पर्ना गलत हुनेछ भने किसानहरुको तागतको वृद्धि भएर कुन कुरादेखि डराउनु पनि गलत हुनेछ भने किसानहरुको तागतको वृद्धि भएर त्यसले मजदुरहरुको तागतलाई उछिन्नेछ र त्यसले क्रान्तिलाई हानी पुऱ्याउला । यसको कारण के भने अर्धऔपनिवेशिक चीनको क्रान्तिमा, यदि किसान संघर्षमा मजदुरहरुको नेतृत्व भएन भने सो संघर्ष जहिले पनि असफल हुनैपर्छ, तर किसान संघर्षले मजदुरहरुको शक्तिलाई उछिन्ने काम गरेको खण्डमा त्यसबाट क्रान्तिलाई कहिल्यै हानी पुग्दैन । ......*क्रमश*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# यी योद्धा कहाँ छिन् ?

क.रेणु दुलाल दशवर्षे जनयुद्धमा बेपत्तामा पारिएकामध्ये तत्कालीन नेकपा (माओवादी)को जिल्ला सदस्य हुन् । हाल तत्कालीन माओवादी पार्टी छैन । वर्गीय रुपमा मै माओवादी पार्टी विभाजन भएको छ । तत्कालीन माओवादी पार्टीमा मध्यम वर्गीय बुर्जुवाहरुको नेतृत्व कायम भएको रहेछ । परिस्थितिमा फेरबदल आउने बित्तिकै पार्टीको मुख्य नेतृत्वमा रहेका अधिकांश नेताहरु आ-आफ्नो वर्ग आधारतर्फ फर्के । ०४७ सालको संसदीय व्यवस्थालाई ध्वस्त गरी नौलो जनवादी व्यवस्था स्थापना गर्न अघि बढेको पार्टीले हजारौं हजारको बलिदानी र हजारौंको बेपत्ता लाखौं अंगभंग अर्बौ-अर्बको क्षतिपछि सीमित उपलब्धिहरु गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक समावेशिता आदि प्राप्त पनि गऱ्यो । कुनै पनि वस्तु स्थिर हुँदैन, कि विकासतर्फ हुन्छ कि विनासतर्फ हुन्छ, यो द्वन्द्ववादको नियम नै हो । बलिदानीबाट प्राप्त गरेका माथिका उपलब्धीमा टेकेर अघि बढेको भए परिस्थिति एकै हुने थियो । तर तत्कालीन नेकपा (माओवादी) को ठूलो हिस्सा संसदीय बुर्जुवा संसदीय व्यवस्थातर्फ फर्क्यो । जनवादी गणतन्त्रको लक्ष्यलाई रुढीवादी गणतन्त्रमा परिणत गऱ्यो । दश वर्षसम्म जुन वर्गसँग जीवन-मरणको संघर्ष गऱ्यो, आ-आफ्नो वर्ग स्वार्थ रक्षाका लागि एकले अर्कोलाई निषेध गर्न खोज्दाको टक्करमा हजारौं हजारले बलिदानी हुनु पऱ्यो । तत्कालीन सत्तासीन कांग्रेस एमालेले तत्कालीन माओवादी नेतृत्वको टाउकाको मोलसमेत तोक्यो । नेताको टाउको मोल तोक्ने तत्कालीन सरकार प्रमुख शेरबहादुर देउवालाई एम्बुस गर्ने काम पनि भयो । माओवादीले वर्गीय, जातीय, क्षेत्रीय रुपमा पछि पारिएकाको मुद्दालाई उठाएको थियो । त्यसैले यीनै वर्ग, जात र क्षेत्रका जनताले माओवादी जनयुद्धलाई उच्च उँचाइमा पुऱ्याएका थिए । हाल तत्कालीन नेतृत्वका अधिकांश व्यक्तिहरु पुरानो सत्तासँग सम्झौता गरी प्रतिक्रियावादी कित्तामा पुगे । सहिद, बेपत्ता परिवारलाई केही आर्थिक सहयोग गरेर उदारवादी देखाए तापनि जनयुद्धका सहिद र बेपत्ताका सपना अझै अधूरै छन् । उहाँहरुको सपना साकार पार्नका लागि माओवादीको एक हिस्सा अझै कटिबद्ध नै छ । हाल माओवादीको संरचना ध्वस्त भएको छ । माओवादीमा लागेका आधारभूत वर्ग, जात, क्षेत्रका अधिकांश सदस्यहरु पीडाका साथ जीवन निर्वाहका लागि तितरबितर भएका छन् । उदारवादी पुँजीवादी तप्का लगायतका अवसरवादीहरु पुरानो सत्तालाई सिंगारपटार गर्दै भ्रष्टाचार, दलाली, तस्करी, कालोबजारी गर्दै नवधनाढ्य बनेका छन् । त्यसैले जनतामा निराशा छाएको छ । क.रेणु दुलाल कुनै उक्साहट, साथीसंगीको लहलहै वा आफ्नो व्यक्तिगत स्वार्थका लागि माओवादी पार्टीमा लागेकी थिइनन् । उहाँको स्थायी बसोबास तीन थाना, हालको चन्द्रागिरी नगरपालिका वडा नं. १५ हो । नेपालमा अझै पनि काठमाडौंको काँठ क्षेत्र, सामाजिक, राजनीतिक रुपमा पछि नै छ । अन्धविश्वास, कूरीति, जातीय विभेद अझै बाँकी नै छन् । उनको पारिवारिक समाज यस स्थानमा ठूलो थिएन र अझै छैन । अशिक्षा, गरिबीका कारण नेपाली परिवारले आफ्नो तेस्रो पुस्ताभन्दा पहिलाको इतिहासम्म थाहा पाएका छैनन् । रेणुका पिता चन्द्र नेपाली दुलाल, उनका पिता शिवराम नेपाली दुलाल, शिवरामका पिता



कृष्णबहादुर नेपाली दुलाल र रेणुसमेत गरी चार पुस्ताको मात्र जात भएको कुरा चन्द्र दुलालले बताएका छन् ।

उहाँहरुको पुर्खौली व्यवसाय भनेको खेतीपाती नै थियो । कृष्णबहादुरका पालामा आफ्नै तीन रोपनी जग्गा थियो भने करिब चार रोपनी मोहियानी जग्गा थियो । सामान्य खेती पनि गर्दा खान लाउन यति गाह्रो थिएन । सामाजिक विभेद यति साह्रो थियो कि उहाँहरुको स्थान कुकुरको भन्दा तल थियो । कुकुरसँग उच्च जात भनिनेहरुसँगै बस्न सक्थे, कुकुर तिनीहरुको घरभित्र जान सक्थ्यो तर नेपालीहरुसँग छोइछिटो हुन्थ्यो, घरभित्र पस्ने कुरै भएन । अशिक्षा त छँदै थियो, आफै आफ्नो मेहनतमा काम गरेर खाने श्रमजीवीहरुलाई पहुनी भनिन्थ्यो । आफूलाई उच्च जात, धर्मका मानिनेहरुले नेपाली जातका मानिसलाई बेला मौकामा रक्सी खुवाउने, परिवार नै बर्बाद पार्ने गर्दथे । उहाँका पूर्खा कृष्णबहादुरले परिवार चलाउन वा के कारणले स्थानीय मानिससँग केही ऋण लिएका रहेछन् । लामो समयसम्म यही ऋणको भरमा काम गराउँदै आएका रहेछन् । कृष्णबहादुर मृत्युपछि त्यो ऋण स्वतः छोरा शिवरामको थाप्लोमा पर्न आयो । शिवरामको तीन भाइछोरामध्ये चन्द्र नेपाली दुलाल कान्छा रहेछन् । चन्द्र दुलाल जन्मेको तेह्रौ दिनमा घरबाट निस्केका शिवराम त्यसदिनदेखि बेपत्ता भएछन् । एउटी अवला महिलाका जिम्मामा तीन नाबालक सन्तानका साथै ऋण पनि हुँदा रेणुको हजुरआमाको जिन्दगी कस्तो थियो होला । उहाँले हजुरआमालाई त देख्न, भोग्न पाइनन् तर उनको कारुणिक कथाले उहाँलाई साह्रै विह्वल पार्दथ्यो । महिला, बालबच्चा मात्र हुँदा भएको मोहीयानी जग्गा पनि स्थानीय नव सामन्तले जालझेल गरी हड्पियो । पारिवारिक वातावरण राम्रो नहुँदा तीन भाइ छोरामध्ये जेठो, माइलो बेपत्ता भए । कान्छा चन्द्र दुलालले ठूलो संघर्ष साथ केही शिक्षित हुन सक्नु भयो । चन्द्रले मात्रै घरबार गर्न सक्नु भयो । उहाँले नानीमैया दुलालसँग विवाह गर्नुभयो । यही दायित्तवबाट ०३८ सालमा जेठो छोराका रुपमा प्रकाश, ०४२ सालमा छोरी रेणु र ०४५ सालमा कान्छा छोरा प्रदीप दुलालको जन्म भयो । परिवार पाल्न चन्द्र दम्पत्तिले ठूलै संघर्ष गर्नुपऱ्यो । आफ्नो भएको जग्गा पनि हजुरबाबु कृष्णबहादुरले लिएको ऋणमा लिलाम भएर गयो । हाल चन्द्र दुलालको एउटा घडेरी र आफूले संघर्षद्वारा निर्माण गरेको एक घर छ । रेणुका पिता चन्द्रले ०४२ सालदेखि ०५० सालसम्म वीर अस्पतालमा तल्लोस्तरको जागिर गर्नु भयो । राजनीतिमा अनभिज्ञ चन्द्रले ०४६ सालमा आफूमाथि शोषण दमन गर्ने सरकारविरुद्ध जुलुसमा भाग लिनु भयो । गिरफ्तार भएर तीनदिन हिरासतमा पनि बस्नु भयो । ०४६ साल चैत २६ गते पछि मात्रै रिहा हुनु भयो । हिरासत बस्नुहुँदा राजनीतिज्ञसँग उहाँको उठबस भयो । कम्युनिष्ट पार्टीले जातपात मान्दैन, होचोउँचो गर्दैन, जीवन चलाउन काम, दाम दिन्छ भन्ने बुझे । ०४६ सालपछि माओका लेख रचनाहरु पनि अध्ययन गर्नु भयो, गाउँमा एमालेको बाहूलयता थियो उहाँ एमाले पार्टीको सदस्य बन्नु भयो । आफूले दुःख गरेर भए पनि सन्तानलाई शिक्षित तुल्याउन लागि परिरहनु भयो । ०५२ सालमा चन्द्र दुलाल एमाले थिए । ०५२ सालका क.असारे काका चन्द्रको घर खोज्दै उहाँ कहाँ आए । लामो छलफलपछि सच्चा कम्युनिष्ट पार्टी माओवादी हो भन्ने बुझाइ भयो । ०५३ सालमै माओवादीको जातीय मोर्चामा रही काम गर्न थाल्नु भयो ।

माओवादीमा बुबाले काम गर्ने हुँदा माओवादीका नेता कार्यकर्ताहरु घरमा आउजाउ बढेसँगै क. रेणुको उहाँहरुसँग छलफल, संगत पनि बढ्दै गयो । आफ्नो परिवारको विगत र माओवादीले देखाएको वर्तमान र भविष्य आकाश जमिनको फरक भएको कुरा रेणुलाई लाग्दै गयो । किशोरभन्दा किशोरीहरु बढी संवेदनशील हुन्छन् । क.रेणुले यो समाजभन्दा आउने समाज अति उच्च हुने कुरा बुझिन् । बाबु पनि माओवादीमा भएकोले उहाँलाई माओवादीमा जान आफ्नै परिवार जस्तो लाग्यो । कक्षा ७ मा पढ्दापढ्दै उहाँ माओवादीमा लाग्नु भयो । ०५८ सालको संकटकालमा ०५८ फागुन ६ गते उहाँ गिरफ्तार हुनु भयो । एक वर्ष उहाँ जेल बस्नु भयो । बन्दी प्रत्यक्षीकरण आदेशमा उहाँ जेलमुक्त हुन भयो र पुनः पार्टी काममा लाग्नु भयो । जिल्ला सदस्यको हैसियतमा उहाँ भक्तपुरमा रही काम गरिरहेकी थिइन् । ०६० साल मंसिर १४ गते आफ्नै पार्टीका सदस्यले उहाँलाई भेट गर्न चाबहिलमा बोलाए ।

उहाँ चाबहिल पुग्दा बित्तिकै गिरफ्तार परिन् । गिरफ्तारपछि उहाँलाई भैरवनाथ गण लगियो । उहाँलाई यहीबाट बेपत्ता पारियो । अहिले तत्कालीन माओवादी नेतृत्वका मानिसहरु सरकारमा छन् । यिनै बेपत्ता पार्नेहरुको प्रमोसन गरिरहेका छन् । यिनीहरुमा सामान्य संवेदना पनि अब छैन, उहाँका बुबा चन्द्र नेपाली दुलाल तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)मा ०५७ सालदेखि पार्टी सदस्यका हैसियतले काम सुरु गर्नु भएको थियो । उहाँ ०६० सालदेखि बेपत्ता परिवार संगठनमा रही बेपत्ताको खोजी गर्न लागि पर्दै आइरहनु भएको छ । हाल नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय सल्लाहकार हुनु हुन्छ साथै बेपत्ता परिवार संगठनमा पनि क्रियाशील हुनु हुन्छ ।



● धनेश्वर पोखेल ●

# सिंहदरबार

सिंहदरबार राज्यसत्ताको केन्द्र हो । नेपालको सासनसत्ता यसैबाट संचालित हुन्छ । १०४ वर्ष जहानीयाँ राणा कालमा निर्माण गरिएको सिंह दरबार राणा, राजा, पंच, बहुदलकाल हुँदै आजसम्म राज्य सञ्चालनको केन्द्र बनेको छ । राज्यसत्ता सञ्चालनका मनिसहरु नारायणहिटी, बालुवाटर, सितल निवास बसेता पनि सिंहदरबार तिनीहरुको मुख्य केन्द्र नै रहँदै आएको छ । जहाँ लुटैलुटको सत्ता संचालन भैरहेको छ । यस मुलुकका मुठ्ठीभर सामन्त, पुँजीपति, दलाल तथा नोकरशाही पुँजीपति शोषक फटाहाहरु केन्द्रित हुने र राष्ट्रको सम्पत्तिमाथि ब्रम्हलुट गर्ने मुख्य केन्द्रको रुपमा रहदै आयो सिंहदरबार ।

अमेरिकाको ह्वाइट हाउस (सेतो घर), भारतको दिल्ली दरबार भने झै नेपालको सिंहदरबार सासन सत्ताको केन्द्रविन्दु मानिन्छ । यहाँ दुई प्रकारका मानिस रुपी मनुवाहरु रहने गर्छन् । एकथरि मनुवाहरु जो कर्मचारी तन्त्रको रुपमा स्थायी रुपमा बस्ने, योजनाका तानावाना बुन्ने, राष्ट्रको सम्पत्ति परिचालन जो गर्छन् भने अर्कोथरि मनुवाहरु हरेक २/४ वर्षमा चुनावी नाटकद्वारा आलोपालो गरी संसद र मन्त्री बनेर कुर्चिमा विराजमान हुन आउँछन् । अनि दुवैथरि मिलेर राष्ट्रको ढुकुटीलाई विकास निमार्णको नाउँमा विभिन्न शिर्षकमा विनियोजन गरेर जनतालाई विकासे बजेटको चारो हाल्दिएर अत्यधिक ठुलो रकम विभिन्न निहुँ, बहानामा आफै भागवण्डा गरी रित्याउछन् । त्यस्ता लोभीपापी र भ्रष्ट अनैतिकहरुले ठगीखाने थलोको रुपमा सिंहदरबार चिनिएको छ ।

आज एकातिर राष्ट्र गरिबी, बेरोजगारी, मंहगी, कालाबजारी, तस्कारीले आक्रान्त छ भने अर्कोतिर देशको उत्पादनशील जनशक्ति गरिबी र बेरोजगारीको समस्याले लाखौं होइन, करोडौं संख्यामा विश्वका विभिन्न मुलुकमा नारकीय जीवन बिताउन बाध्य छन् । गरिबी र बेरोजगारीको कारण तेश्रो मुलुकले नेपालको दक्ष जनशक्तिलाई अति सस्तो ज्यालामा भरपुर उपयोग गरेर आफ्नो देशको विकास गर्नमा प्रयोग गरिरहेको छ र नेपालको तातो/रातो रगत अरु देशमा बगिरहेको छ, जीवनको महत्वपूर्ण उर्जाशील समय त्यत्तिकै पराइ देशमा खेर गैरहेको छ । नेपाली दक्ष जनशक्तिको सीप र क्षमतामा टेकेर अन्य मुलुकले तेश्रो/चौथो ग्रहमा पाइला चाल्न थालेका छन् भने नेपालजस्तो मुलुकले आफ्नो देशको दक्ष र उर्जाशील जनशक्तिलाई उचित ढंगले सम्बोधन गरेर रोजगारी र व्यवस्थापनको प्रबन्ध मिलाउन नसक्दा मुलुकले एक्काइसौं सताब्दीमा पनि यो हरिबिजोक व्यहोर्नु परिरहेको छ । जस्तो कारण विगतका वर्षहरुमा भन्दा झन् पछि झन् नेपाल र नेपालीको आत्मस्वाभीमान खस्कदै गएको तीतो अनुभव सबैले अनुभूति गरेकै कुरा हो ।

नेपाली जनता मुलुकको समग्र विकास, उन्नति, प्रगति र परिवर्तनको लागि इतिहासदेखि नै संघर्षरत ...*बाँकी ४ पेजमा*

## आकासिंदो...

२२ अर्ब ३३ करोडको आयात गरेको थियो । यो एउटा कृषिप्रधान देशका लागि लाजमर्दो स्थिति हो ।

यसैगरी श्रावण ११ गतेको कान्तिपुरले होम कार्कीको एउटा लेख प्रकाशित गरेको थियो । त्यस लेखमा उनले आ.व. ०७३/०७४मा जम्मा ३ लाख ७३ हजार ४६३ जना नेपाली युवाले वैदेशिक रोजगारीका लागि नयाँ श्रमस्वीकृति लिएको आँकडा पेश गरेका छन् । स्पष्ट छ, यो संख्यामा अध्ययनको नाममा अस्ट्रेलिया, अमेरिका, युरोप लगायतका देशमा जाने र भारतमा जानेहरु पर्दैनन् । नेपालको एक तिहाई जनसंख्या रोजगारीको खोजीमा देश बाहिर छन् । सोही दिन, दैनिक कारोबारले “मजदुर अभावले खेतियोग्य जमिन बाँझिँदै” भन्ने अर्को समाचार छापेको थियो । त्यस पत्रिकाले जंगबहादुर लिम्बुलाई उद्धृतगर्दै “काम गर्न सक्ने छोरा विदेश गए, छोरीहरुको पनि बिहे भएर आ-आफ्ना घर गए, काम गर्न खेताला भेटिँदैनन्, एक्लैले गर्न सकिएन, खेत बाँझै बस्यो” भन्ने मार्मिक समाचार प्रकाशित गरेको छ । उपरोक्त तथ्यहरुले नेपाल कंगाल राष्ट्र घोषित हुन अब धेरै दिन बाँकी छैन भन्ने कुरा स्पष्ट गर्दछन् ।

यतिबेला नेपालमा प्रतिनिधी सभा र प्रदेश सभाको चुनाबी चटारो छ । संसदीय राजनीतिक पार्टीहरु यो चुनावमा कसरी जनताको मत आफूतिर पार्न सकिन्छ भन्ने प्रचारमा व्यस्त छन् । आर्थिक क्रान्ति सबै राजनीतिक पार्टीहरुको चुनावी नारा बनेको छ । नेपालमा रोजगारीको सिर्जना गर्ने र विदेशमा रहेका लाखौलाख नेपाली युवालाई देशमा नै रोजगारी दिलाउने कुरा सबै पार्टीले जोड दिएर उठाएका छन् । निसन्देह, नेपालमा आर्थिक क्रान्ति नितान्त जरुरी छ र नेपाली युवाहरु देशमा नै रोजगारी चाहन्छन् । वस्तुतः आर्थिक विकास र उत्पादन बृद्धि चुलिंदो व्यापार घाटा कमगर्ने र देशलाई समृद्धिको दिशामा अगाडी बढाउने आवश्यक शर्त हुन् । यसमा कुनै शंका छैन । तर, के निर्वाचनका बेला संसदीय पार्टीले लगाउने नाराले नेपालमा आर्थिक क्रान्ति ल्याउला ? स्पष्ट छ, यो संभव छैन । यो जनतालाई मूर्ख बनाउने कुरा बाहेक अरु केही होईन ।

ती संसदीय पार्टीहरुका साथमा फोस्रा नारा बाहेक न कुनै वैज्ञानिक दृष्टिकोण छ न उनीहरुसंग मूर्त योजना नै छन् । जनताले ती संसदीय पार्टीहरुको कुरामा पुरा विश्वास गरेका छैनन् र फेरि तत्काल उनीहरुले आफ्ना सामु अर्को भरपर्दो विकल्प शक्ति तयार भएको पनि देखेका छैनन् । यतिखेर जनता अन्यौलमा छन् । देशले आर्थिक निकास खोजेको र त्यस बारे बहस पनि चलेको वर्तमान स्थितिमा यो छोटो लेख तयार पार्ने प्रयास गरिएको छ । यो लेख, संसदीय पार्टीहरुले अगाडि सारेका विकासको मोडेलले नेपाललाई किन अरु कंगाल गराउंछ, नेपालका लागि सुहाउंदो आर्थिक ढाँचा कस्तो हुनु पर्ला, त्यसका सामु विद्यमान चुनौतीहरु के हुन् र ती चुनौतीको सामना कसरी गर्नु पर्ला भन्ने विषयमा केन्द्रित रहने छ ।

नेपाल चीन तथा भारत जस्ता अति विशाल एवं शक्तिशाली देशहरुद्वारा घेरिएको तर प्राकृतिक साधन र श्रोतका दृष्टिले भरिपूर्ण रहेको एउटा अति अविकशित सानो देश हो । नेपाल अझै पनि अर्ध-सामन्ती र नव-औपनिवेशिक अवस्थामा रहेको छ । यहाँ अझै राष्ट्रिय पुँजीको विकास भएको छैन । हाम्रो भू-राजनीतिक अवस्थिति र आकारले के भन्दछ भने, नेपालमा हुने पुँजीको विकास र सानो अर्थतन्त्रले चीनिया तथा भारतीय अर्थतन्त्रसंग प्रतिस्पर्धा गर्न सक्दैन । त्यसो भन्दैमा फेरि नेपाल पूर्णरुपमा भारत वा चीन वा दुबैमाथि पराश्रित भएर नै बस्न पनि सक्दैन । यी दुई कुराले नेपालको समग्र अर्थ-राजनीतिक विकासको संभावना र चुनौती दुबै तर्फ संकेत गर्दछन् । यो स्थितिमा नेपालले दुबै देशसंग समानता र पारस्पारिक हितका आधारमा कुटनीतिक सम्बन्ध स्थापना गरेर स्वतन्त्र र आत्मनिर्भर अर्थनीतिको विकासमा जोडदिनु पर्दछ ।

संसदीय पार्टीहरुले नेपालमा विदेशी पुँजीमा आधारित उद्योगहरु खोलेर देशलाई धनी बनाउने सपना देखाउँदै आएका छन् । यो देशको अमूल्य प्रकृतिक सम्पदालाई कौडीको मूल्यमा विदेशी पुँजीपतिलाई बेच्ने र त्यसबाट सत्तामा रहेका राजनीतिक पार्टीका नेताले कमिसन खाने तरीका मात्र हो । यहाँनेर ध्यान दिनुपर्ने मूख्य कुरा के हो भने नेपालमा आर्थिक विकास देशको आवश्यकताका आधारमा कृषि र कृषिमा आधारित स-साना उद्योगहरुको स्थापना गरेर सुरुगर्नु पर्दछ । विदेशी लगानीमा हुने उत्पादनले देश धनी हुदैन, देश सम्पन्न हुने राष्ट्रिय पूँजीको परिचालन र विकासले हो । हाम्रो सन्दर्भमा कृषि क्रान्तिको प्रक्रियाबाट देशको उपरोक्त भयावह स्थितिलाई बदल्नु पर्दछ । तर, आजको बदलिएको परिस्थितिमा परम्परागत “जमिन कस्को जोत्नेको” भन्ने कृषि क्रान्तिको नारालाई कार्यान्वयन गरेर मात्र पनि कृषिलाई व्यवस्थित र व्यावशायीकरण गर्न संभव छैन । यसका लागि राज्यले उक्त नाराको कार्यान्वयनका लागि निम्नानुसार केही नीतिगत परिवर्तनका साथै संरचनागत विकास पनि गर्नु पर्दछ ।

एक, देश भरीको सम्पूर्ण जमिनलाई राष्ट्रियकरण गरी राज्यले आफ्नो मातहत ल्याउनु पर्दछ । कुनै पनि जमिनलाई व्यक्तिको नीजि स्वामित्वमा रहन दिनु हुंदैन । भू-बनोट र त्यसको अधिकतम उपयोगिताको आधारमा राज्यले देशको भूमीलाई कृषियोग्य जमिन, बसोबास क्षेत्र, बन-जङ्गल क्षेत्र, नदी-ताल क्षेत्र, खनिज क्षेत्र, पशु-पालन क्षेत्र आदिमा वर्गीकरण गरी तिनलाई छुट्याउनु पर्दछ । राज्यले एउटा प्रयोजनका लागि छुट्याएको जमिनलाई अर्को प्रयोजनका लागि प्रयोग गर्न दिनु हुंदैन । राष्ट्रिय योजनाका आधारमा भू-उपयोग नीति अवलम्बन गर्नु पर्दछ ।

दुई, जग्गाको बनोट, भौगोलिक अवस्थिति तथा उचाई र सिंचाईको संभावना जस्ता मापदण्डका आधारमा कृषिका निमित्त छुट्याईएको जमिनको वर्गीकरण गर्नु पर्दछ । वैज्ञानिक परीक्षणका आधारमा राज्यले कुन जमिनमा कुन खाद्यान्न बाली, कुन फलफूल वा तरकारी वा पशुपालन अथवा के उपयुक्त हुन्छ त्यहि अनुसार योजना बनाएर किसानलाई कृषिमा लगानी गर्न प्रोत्साहित गनु पर्दछ । संबन्धित किसानको लहड वा योजनामा होईन, जमिनको उत्पादन क्षमता, राज्यको आवश्यकता र राष्ट्रिय योजनाका आधारमा उपयुक्त बाली लगाउनु पर्दछ । माटोमा खनिज पदार्थको सन्तुलन मिलाई राख्नका लागि वैज्ञानिक परीक्षणका आधारमा मिलेसम्म विभिन्न बालीचक्र प्रयोग गर्न सकिन्छ ।

तीन, कृषिजन्य उत्पादनमा संलग्न हुन चाहने व्यक्ति वा समूहलाई उसको आवश्यकता र क्षमताका आधारमा राज्यले निश्चित अवधीका लागि भाडा (Lease)मा जमिन उपलव्ध गराउनु पर्दछ । राज्यले सहुलियत मूल्यमा किसानलाई मल, बीउ, कीटनाशक औषधी र सिंचाईको व्यवस्था गरिदिनु पर्दछ । कुनै पनि शर्तमा किसानहरुको उत्पादनलाई विचौलियाहरुको हातमा पर्न दिनु हुदैन । राज्यले नै उत्पादनको उचित मूल्य र वजारको ग्यारेन्टी गर्नु पर्दछ । कुनै प्राकृतिक प्रकोपका कारण उत्पादनमा अप्रत्याशित ह्रास आए राज्यले त्यसको क्षतिपूर्तिको व्यवस्था गर्नु पर्दछ । यसो गर्दा किसानहरुको कृषि पेशाबाट हुने पलायनलाई रोक्न सकिन्छ र देशमा खाद्यान्न अभाव हुन पाउँदैन । यसले देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन मद्दत गर्दछ ।

चार, नेपाल र भारतका बीचमा सीमाना खुला छ । सिमाना खुला राखेर नेपालमा राष्ट्रिय अर्थतन्त्रको संरक्षण हुन सक्दैन, विकास त धेरै परको कुरा हो । सिमाना खुलारहेको स्थितिमा नेपालको अर्थतन्त्रले भारतको अर्थतन्त्रसंग प्रतिस्पर्धा गर्न खोज्नु भनेको नेपालको अर्थतन्त्रलाई भारतको अर्थतन्त्रको जिम्मामा लगाउनु हो । आजसम्म यहि नै भैराखेको छ । भारतीय वजारको हैकमलाई नतोडी नेपालमा स्वतन्त्र अर्थतन्त्रको विकास संभव छैन । नेपालमा स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको निर्माण तथा विकासका लागि भारतसंगको सिमाना बन्द गरेर राज्य नियन्त्रित अर्थनीति अवलम्बन गर्नु पर्दछ । यस दिशामा कुनै कदम नचाली नेपालमा आर्थिक विकासका फोस्रा कुरा मात्र गर्नु जनताको आँखामा धुलो छर्नु बराबर हो ।

पाँच, नेपालमा उद्योगधन्धाको विकास राष्ट्रिय आवश्यकताका आधारमा गरिनु पर्दछ । नेपाली जनताको पुँजी लगानीमा उत्पादन गरिने स-साना जल-विद्यूत परियोजना, जडिबुटी प्रशोधन तथा औषधी उत्पादन केन्द्र, राष्ट्रिय आवश्यकताका आधारमा खनिज उत्खनन् परियोजना र कृषि उत्पादनमा आधारित उपभोगमूखी उद्योगहरु स्थापना गरेर हामीले आर्थिक विकासको जग बसाउनु पर्दछ । हामीले विदेशी पुँजीको निरपेक्ष विरोध गर्नु हुदैन । त्यसको अर्थ हामीले विदेशीको शर्तलाई आँखा चिम्लेर लागु गर्छौ भन्ने होईन । हामीले राज्यको आवश्यकता अनुसार एक हदसम्म विदेशी पूँजीलाई प्रयोग गर्नु पर्दछ । तर, हामीले अर्काको बैशाखी टेकेर एकैचोटी दगुर्ने सपना देख्ने होईन, आफ्नै खुट्टाका बलमा ताते-ताते गर्दै क्रमसः हिंड्न सिक्नु पर्दछ । राष्ट्रिय पूँजीको जगमा निर्माण गरिने आर्थिक विकासद्वारा देशको आवश्यकता पुरा गर्दै हामी आर्थिक समृद्धिको दिशामा अगाडि बढनु पर्दछ ।

छ, नेपालमा यातायातको केही विकास भएको छ, मनाङ्ग-मुस्ताङ्ग लगायत दुर्गम पहाडी तथा हिमाली जिल्लाका जनताहरु मोटरमा हिंडन पाएका छन् । यो राम्रो कुरा हो । तर विडम्बना, आजसम्म ती मोटर-बाटाहरु त्यहाँको उत्पादनलाई बजारमा ल्याएर जनताको आर्थिक प्रगति गर्नका लागि प्रयोग भएका छैनन्, बरु बहुराष्ट्रिय कम्पनीहरुले उत्पादन गरेका ह्विस्की, वियर, कोकाकोला र सेल्फी खिच्ने आईफोन जस्ता विलासीताका सामानहरु गाउं-गाउसम्म पुऱ्याउन प्रयोग भएका छन् । ती मोटर-बाटालाई जनताको आय-आर्जनका सहयोगी बनाउन राज्यले व्यावशायिक कृषि र ग्रामिण उद्योगलाई कुनाकाप्चासम्म पुऱ्याउने नीति लिएर त्यसलाई कडाईपूर्वक कार्यान्वयन गर्नु पर्दछ । अन्यथा, यातायातको त्यो विकास जनताको आर्थिक उन्नतीका लागि होईन जनतालाई कङ्गाल बनाउन प्रयोग हुनेछ । आजसम्म भएको कुरा यही हो ।

नेपालको समृद्धिका लागि माथि बुंदागत रुपमा जुन आर्थिक विकासको ढाँचा प्रस्तुत गरियो त्यसले नेपालमा राष्ट्रिय पूँजीको निर्माण गरेर देशभित्रै रोजगारीको ढोका खोल्दछ । आर्थिक विकासको यो मोडेललाई नेपालमा कार्यान्वयन गरेर हामीले रोजगारीको खोजीमा विदेश पलायन भएका नेपाली युवाहरुलाई देशमा भित्र्याउन सक्छौ । यही नै नेपालमा आर्थिक समृद्धि ल्याउने र बेरोजगारीको समस्या समाधान गर्ने उपयुक्त विधी हो ।

अब यहाँ एउटा गंभीर प्रश्न अगाडि आउँछ । के नेपालका संसदीय राजनीतिक पार्टीहरुले माथि उल्लेखित आर्थिक मोडेललाई लागु गरेर नेपालमा आर्थिक संबृद्धिको ढोका खोल्न र नेपाली युवाहरुलाई देशभित्र भित्र्याउन सक्लान् ? यो असंभव छ । यो प्रतिक्रियावादी सत्तामा संसदीय अभ्यास गर्ने नेपाली काँग्रेस, राप्रपा र राजपा जस्ता पार्टीका लागि मात्र होईन, आफूलाई कम्युनिस्ट भन्न रुचाउने एमाले तथा माके जस्ता राजनीतिक पार्टीहरुका लागि पनि त्यत्ति कै सत्य हो । यो प्रश्न साम्राज्यवाद र उनीहरुको सिद्धान्त नवउदारवाद सित जोडिएको छ । एमाले र माके दुबै नेपालको प्रतिक्रियावादी सत्ताको संसदबाट निजीकरण तथा उदारीकरणका नाममा नेपालको अर्थतन्त्रलाई नव-उदारवादी मान्यताका आधारमा विश्व साम्राज्यवाद र भारतीय विस्तारवादको पोल्टामा सुम्पने प्रतिक्रियावादी पार्टीहरु हुन् । यी पार्टीहरुबाट नेपालमा राष्ट्रिय पुँजीको विकास र संरक्षण हुने र विदेशिएका नेपाली युवाले देशैमा रोजगारी पाउने कुराको कल्पना पनि गर्न सकिन्न । यो प्रतिक्रियावादी सत्ता अन्तर्गत जुनसुकै राजनीतिक पार्टी वा गठबन्धनको नेतृत्वमा सरकार बने पनि त्यसले गर्ने काम भनेको देशको प्राकृतिक सम्पदालाई उदारीकरण तथा निजीकरणका नाममा विदेशी पूजीपतिको हातमा सुम्पने, विकसित मुलुकसंग “फ्री भिसा फ्री टिकट”को याचना गरेर नेपाली यूवाहरुलाई वैदेशिक रोजगारीमा पठाउने र देशलाई अरु कङ्गाल र परनिर्भर बनाउने मात्र हो ।

माथि नेपालको आर्थिक विकासका निमित्त जुन मोडेलको संक्षिप्त चर्चा गरियो त्यसलाई साम्राज्यवादका विरुद्ध जीवन-मरणको लडाई लडने सर्बहारा वर्गको नेतृत्वमा देशभक्त र आम उत्पीडित जनताको संयुक्त अधिनायकत्व रहने जनताको जनवादी सत्ता अर्थात जनगणतन्त्रले मात्र कार्यान्वयन गर्न सक्दछ । अहिले नेपालमा जुन गणतन्त्र आएको छ त्यो सामन्त, दलाल तथा नोकरशाही पूजीपति वर्गको अधिनायकत्वमा आधारित बुर्जवा गणतन्त्र हो, जनताको गणतन्त्र होईन । नेपालमा राष्ट्रिय पूजीको आधार निर्माण गर्न र विदेशिएका नेपाली युवालाई देशमा भित्र्याउन यो गणतन्त्र भित्रबाट संभव छैन । सर्बहारा वर्गको नेतृत्व र मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक निर्देशनमा हुने नयाँ जनवादी गणतन्त्रले मात्र सामन्तवाद तथा साम्राज्यवादका विरुद्ध राष्ट्रिय पुँजीको विकास गर्ने बाटो खोल्दछ र नेपालमा आकासिंदो व्यापार घाटा र वैदेशिक रोजगारीको विकल्पको बाटो खुल्दछ । आउनुस् रोएर काम बन्दैन, आर्थिक क्रान्तिको बाटो खोल्न नयाँ जनवादी क्रान्तिको तयारीमा लागौं ।


## फ्रेडरिक...

*मंसिर ८, २०७४*

उनको “निवास-निर्माणको सवाल” प्रकाशित भयो, जसमा उनले प्रुधों तथा अरुहरुको विचारको खण्डन गरेका थिए । १८७५मा उनको सुप्रसिद्ध ग्रंथ “डूरिंगमत खण्डन” जुन मार्क्सवाद सम्बन्धी सर्वश्रेष्ठ पुस्तकहरुमा गनिएको छ, -प्रकाशित भयो । यस पुस्तकमा उनले डूहरिङका विचारहरुको खण्डन गर्नुका साथै मार्क्सवादी सिद्धान्तहरुको राम्रो विवेचना गरेका छन् । १८८२ सम्म मार्क्स र एन्जेल्स दुबै कडा परिश्रमका साथ आफ्नै बौद्धिक जीवनमा ब्यस्त रहे ।

मार्क्सको मृत्युपछि एन्जेल्सले यूरोपको मजदुर आन्दोलन तथा समाजवादीहरुलाई आफ्नो अमूल्य सल्लाह र नेतृत्व निरन्तर रुपले दिनुका साथै मार्क्सले अपूर्ण रुपमा छाडेर गएका उनको विशाल कृति “पुँजी”को सम्पादन गर्नमा कठोर परिश्रम गरे । फलस्वरुप, “पुँजी” को दोश्रो भाग १८८५ मा र तेस्रो भाग १८९४ मा प्रकाशित भयो, तर चौथो भाग तयार पार्न उनलाई अवसर प्राप्त भएन । यसका साथै, उनले आफ्नो पुस्तक “परिवार व्यक्तिगत सम्पति र राज्यको उत्पति” १८८४ मा र “लुडविग फ्वारबाख” १९९० मा प्रकाशित गरे । यो पछिलो पुस्तक उनले आफ्नो मृत्यु भन्दा पाँच महिना पहिले मात्र लेखेका थिए ।

अगस्त ६ तारिख, १८९५ को दिन ७५ वर्षको उमेरमा उनको देहान्त भयो । उनकै इच्छा बमोजिम उनको लाशलाई जलाइयो र भस्म समुन्द्रमा फालियो मार्क्सका साथ एन्जेल्सको नाम अटूट रुपमा जोगिएको छ, र एकको नाम लिना साथ अर्कोको नाम स्वतः आउँदछ । विश्व सर्वहारा वर्गका महान नेता तथा गुरुको रुपमा मार्क्स र एन्जेल्सको नाम अमर रहेका छन् ।



मंसिर ४ देखि मंसिर १० गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## बुढीगण्डकी निर्वाचन जित्ने हतियार

**मंसिर ४ गते ।** देश प्रत्येक निर्वाचनमा महँगो खर्चको चपेटामा रुमलिँदै छ । स्थानीय तहको निर्वाचनको चोट खाटा बस्न नपाउँदै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा रुमलिएको देशले खर्बभन्दा बढी रकम खर्च गरेर निर्वाचन व्यहोर्दै छ । सरकारी खर्चको मात्रै आँकडा हो यो उम्मेदवारले गर्ने खर्च आफ्नै ठाउँमा छ । हुन त उम्मेदवारले गरेको खर्च जनताको हातमा जाने हो ता पनि गुण्डा र छोटे गुण्डाको हातमा जाने रकमकसैलई काम नलाग्ने सर्वविदितै छ र पनि यसको प्रभाव सरकारी ढुकुटीमा पर्ने पक्का छ ।

**मंसिर ५ गते ।** १० वर्षसम्म जनयुद्ध लडेको नेकपा मओवादी र सत्तापक्ष भनिने राजनीतिक दलहरूसँग शान्तिसम्झौता भएको आज ११ वर्ष भयो । यो ११ वर्षमा युद्धद्वारा मुलुकलाई पुगेको क्षति परिपूर्ति गर्ने भन्दै सरकारी ढुकुटीबाट ३३ अर्ब रकम खर्च भएको देखिन्छ तर काम भएको बिल भौचर फछ्र्यौट भएको रकमजम्मा १३ अर्ब मात्रै देखिएको छ । बाँकी रकम कहाँ गयो ? कसैले जिम्मेवारी लिएको देखिंदैन । सम्झौतामा नौ बुँदा थिए ।

**मंसिर ६ गते ।** आज चितवनको भरतपुरमा भएको आमसभामा आफ्नो गायन कला प्रस्तुत गरिसकेर बाहिरिंदा–बाहिरिदै मुर्छित भएका जनकलाकार खुशीराम पाखिन फेरि यो धर्तीमा नफर्किने गरी परलोक पधार्नु भएको समाचारले उहाँका शुभचिन्तकहरू मर्माहत भएका छन् । ३८ सालदेखि निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाका निरंकुश शासकहरूका विरुद्ध जनताको कणकणमा ऊर्जा भर्दै जनमानसलाई युद्धको समर सागरमा उतार्ने पाखिनको मृत्युलाई उनैको स्वरसंगीतको भऱ्याङ चढ्नेहरूले पनि त्यति चासो दिएको पाइएन । महान् जनकलाकार पाखिनप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मंसिर ७ गते ।** कुनै सयम (२०४६ साल अगाडि) नेपाला तरकारी खेती हुँदैनथ्यो । सीमाना पारीका व्यापारीले नेपालमा तरकारी भित्र्याएर मुनाफा कमाउँथे तर २०४५ सालमा भरतले नेपालमा नाकाबन्दी गरेपछि नेपालीका आँखाबाट पर्दा हटे र स्वयं नेपालीहरू खेतीपातीमा जुटे । फलतः नेपाल आत्मनिर्भर भैसकेको थियो तर यता केही समयदेखि नेपालमा भारतीय तरकारी तस्करीको मार्गबाट नेपाल भित्रन्छ र पनि सरकार कानमा तेल हालेर बसेको छ । चरकारी माफियाको मोटो रकमले सम्बन्धित निकायका कर्मचारी मोटाइरहेका छन् । न त अनुगमन गर्ने निकाय छ, न अनुगमन भएको पनि स्वच्छ र निष्पक्ष भइरहेको छ । मानौं नेपाली जनता सरकारविहीन अवस्थामा माफियाहरूको लूटखसोटका शिकार भैरहेका छन् । स्थानीय तहका नवनिर्वाचित पदाधिकारी पनि निर्वाचन खर्च उठाइरहेका छन् ।

**मंसिर ८ गते ।** आम निर्वाचनको मध्यमहासागरमा आएर लोकतन्त्रको प्रमाणपत्रको प्रसंग उठेको छ । प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले, ‘कम्यनिस्टहरूले लोकतन्त्र जोगाउँदैनन्’ भन्दै हिंडेको झोंकमा नेकपा एमालेका अध्यक्ष के.पी.ओलीले आज बुटवलमा भएको आमसभालाई सम्बोधन गर्दै ‘कसैले हामीलाई लोकतन्त्रको प्रमाणपत्र दिइरहनु पर्दैन’ भनेपछि यसलाई बुद्धिजीवीहरूले गम्भीर रुपमा लिएका छन् । कारण यो लोकतन्त्रको परिभाषा के हो ? कसले लोकतन्त्रको व्याख्या गर्ने ? कांग्रेसको लोकतन्त्र जनताले मान्ने कि एमाले–माकेको लोकतन्त्रमा जनताले विश्वास गर्ने ? कुन ड्याङको मुलालाई जनताले मलजल गर्ने ?

**मंसिर ९ गते ।** नेपाली नेताहरूले अनेक विकास निर्माणका आयोजनाहरूलाई आफ्नो पकेटको खाजा सम्झिने गरेका छन् । एउटा आउँछ, त्यही परियोजनालाई आफूले बनाएको जस लिने प्रयास गर्छन् । अर्को आउँछ, त्यसैगरी प्रयोगमा ल्याउँछ । पछिल्लो उदाहरण बनेको छ, बुढीगण्डकी । यो आयोजना नेपालकै हालसम्मको सबैभन्दा ठूलो र सस्तो परियोजना हो । जलासययुक्त (पानी जमाएर विद्युत उत्पादनका लागि निर्माण गरिने) यो परियोजनालाई आजभन्दा पाँचवर्ष अगाडि नै नेपाल आफैंले बनाउने निर्णय गरिएको थियो तर कांग्रेसको नेतृत्वमा रहेको हालको सरकारले फेरि ढोग्रो पिटेर पुरानै नारा दोहोऱ्याउँदै नेपाली जनताको आँखामा छारो हाल्ने प्रयास गरिरहेको छ । जनताको आँखामा छारो हाल्दाहाल्दै कांग्रेसले २५ वर्ष खाइसक्यो, सरकारी स्वामित्वमा निर्मित दर्जनौ उद्योगहरू बेचेर रसातल पुऱ्यायो । तैपनि निर्वाचन जित्ने उसको प्रयास जारी छ । मतदाताहरूले आँखा चिम्लिएरं मतदान गर्नु भनेको आफ्नो खुट्टामा आफैंले बञ्चरो हान्नुसरह हो ।

**मंसिर १० गते ।** नेपालमा अनेक प्रकारका काम हुन्छन् । आज भएको निर्वाचन कुन-कुन जिल्लामा हुँदैछ भनेर निर्वाचन आयोगले प्रचारसम्म गरेन । केबल हिमाली क्षेत्रका जिल्लामा निर्वाचन हुँदैछ भनेर प्रचार मात्रै गरियो र मतदाताहरू अन्यौलमा गाउँ-गाउँमा पुगे । हिमाली क्षेत्र मात्रै नभनेर यो-यो जिल्लामा निर्वाचन हुदैछ भनेर प्रचार गरिएको भए मतदातालाई सहज हुन्थ्यो जनतालाई सहजताको साटो अन्यौलमा पार्नु कहाँसम्म न्याय हो ? र सुनुवाइ हुने ठाउँ कहाँ हो ?


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# बुलेटको घेरामा ब्यालेटको प्रयोग

● विनोद 'सहयात्री'

मुलुकमा कुनै पनि शक्तिले युद्धको घोषणा गरेको छैन । 'अज्ञात समूह'को नाममा उम्मेदवारहरुलाई लक्षित गरी वम प्रहार भएका छन् । केही स्थानमा केही मानिसहरु वम विष्फोटनका घटनाबाट घाइते भएका छन् तर मानवीय क्षति भएको छैन । वम विष्फोटनका घटनाबाट उत्पन्न सुरक्षा चुनौतीलाई नेपाल प्रहरीले नै नियन्त्रणमा लिनसक्ने परिस्थिति विद्यमान रहेको अवस्थामा र सशस्त्र प्रहरी फोर्स समेत मौजुद रहेको अवस्थामा नेपाली सार्वभौमिकताको रक्षार्थ प्रयोग गरिने मुलुकको अन्तिम सुरक्षा अंग नेपाली सेनालाई अहिले किन हठात् परिचालन गरियो ? त्यो पनि यति ठूलो संख्यामा ? त्यसमा पनि अत्याधुनिक हातहतियार र गोलीगठ्ठाले सुसज्जित पारेर ? यसले सर्वत्र गम्भीर प्रश्न जन्माइदिएको छ । नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा, जयकृष्ण गोइत अर्थात् अन्य कुनै समूह जसबाट उत्पन्न सुरक्षा चुनौतीका कारण परिचालन गरिएको भनिएको भए पनि यतिठूलो संख्यामा सेनालाई व्यारेकबाहिर निकाल्नुको उद्देश्य ती समूहतिर मात्र लक्षित छन् जस्तो देखिएको छैन । यसभित्र गम्भीर र डरलाग्दा फासिवादी षड्यन्त्र त छैन ? भन्ने प्रश्नहरु गर्नुपर्ने परिस्थिति सिर्जना हुँदै गएको देखिन्छ ।

नेपाल रिमोर्ट कन्ट्रोलबाट चल्ने देश हो । यहाँको सत्ता र सरकारमा जनुसुकै नेपाली अनुहारको 'बहादुर' बसेपनि उसको भूमिका कठ्पुतलीको सावित हुँदै आएको छ । यसअर्थमा अहिलेका शेरबहादुर पनि अपवाद बन्ने कुरै भएन, ठाउँ नै रहेन । विगतका शासकहरुले जस्तै शेरबहादुरले चालेका हरेक कदमलाई पनि उनको स्वविवेकी कदम भनेर विश्वास गर्ने आधारहरु छैनन् । उनको पछाडि कोही छ र जे भइरहेको छ त्यो एउटा ग्र्याण्ड डिजाइनमा भइरहेको छ भनेर बुझ्न विगतले समेत दबाब दिन्छ । यसर्थमा अहिलेको सेना परिचालन पनि एउटा त्यही डिजानन्तर्गत भएको त छैन ? आशंका गर्ने बलियो परिस्थिति विद्यमान छ ।

अझ हैरान बनाउने समाचारहरु त के बाहिर आइरहेका छन् भने नुवाकोट, दोलखा लगायतका क्षेत्रमा देउवा र विप्लवबीच सहकार्य गर्ने गोप्य सहमति भएका छन् । घटनाक्रमहरु नाटकीय रुपमा अगाडि बढिरहेका छन् । यी नाटकमा जसले जेजस्तो अभिनय गरेका छन्, त्यो एकरत्ति पनि सुहाएको छैन । भाँती पुऱ्याएर उनीहरुले अभिनय गरेको देखिएन । अस्वभाविक, अपत्यारिला र अकल्पनीय घटनाक्रमहरु घटिरहँदा आम नागरिकमा पछिल्लो विकसित परिस्थितिले सुरक्षाको परिस्थिति होइन आतंकको छायाँ नजर आइरहेको छ । देउवा सरकारले ७७ वटै जिल्लाको निर्वाचन सुरक्षाको नाममा ९६ हजार पाँच सयमध्ये ६४ हजार २० जनाको संख्यामा नेपाली सेना परिचालन गरेको छ । निर्वाचन आयोगको समन्वयमा नेपाली सेनाले ७७ जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एक गुल्म बराबर सैनिक परिचालन गरेको छ । त्यसबाहेक केन्द्रमा विशेष बाहिनीअन्तर्गतका गण, सम्बन्धित प्रदेशमा रहेको पृतना र त्यसअन्तर्गतका बाहिनीमा हेलिकोप्टर र मद्दती फौज पनि सतर्क अवस्थामा राखिएका छन् । सेनाले जम्मा ६४ हजार २० जनाको फौज खटाएको छ । यो कुल सैनिक संख्या ९६ हजार पाँच सयको करिब ६६ प्रतिशत हो । पहिलो चरणको निर्वाचनका लागि पूर्वी पृतना इटहरीबाट प्रदेश नम्बर १, मध्य पृतना हेटौँडाबाट प्रदेश नम्बर ३, पोखरास्थित पश्चिम पृतनाबाट प्रदेश नम्बर ४, मध्यपश्चिम पृतना बुटवलबाट प्रदेश नम्बर ५, उत्तरपश्चिम पृतना सुर्खेतबाट प्रदेश नम्बर ६ र सुदूरपश्चिम पृतना दिपायलबाट प्रदेश नम्बर ७ को सुरक्षाका लागि फौज परिचालित भएका छन् ।

दशवर्षे माओवादी जनयुद्धका बेला ०५२ साल फाल्गुन १ गते युद्धको घोषणा गरिए पनि सेना परिचालन ०५८ मा मात्र गरिएको थियो । त्यो पनि विदेशी शक्तिकेन्द्रको दबाबमा । तर अहिले त्यस्तो परिस्थिति समेत नभएको अवस्थामा यति ठूलो मात्रामा सेना परिचालन गरिएको छ । एमाले र माके पनि नीतिग रुपमा र घोषित रुपमा नै कांग्रेस जस्तै संसदीय व्यवस्थालाई संस्थागत गर्न चाहन्छन् । तर शेरबहादुर वाम गठबन्धनले बहुमत ल्याए अधिनायकवादी व्यवस्था ल्याउने स्यालहुइयूयाँ चलाउँदै फासिवादी कदम चाल्न खोजिरहेका त छैनन् ? त्यो पनि विदेशी शक्तिकेन्द्रको उक्साहट र इशारामा ? सुरक्षाको तीन घेरामा अर्थात् बन्दुकको घेरामा गराइएको चुनावमा जनताले स्वतन्त्रतापूर्वक मतदान गर्ने परिस्थिति छैन । मतदान पनि सत्ता र शक्तिको कसले कति प्रयोग गर्छ भन्नेमा भर पर्छ ।

संसदीय व्यवस्थामा संसदवादी पार्टीहरुले सत्ता स्वार्थका लागि साम, दाम, दण्ड, भेदलगायत सबै अस्त्रको प्रयोग गरेका छन् । कुन शक्तिलाई सत्ता पुऱ्याउने र कसलाई साइजमा ल्याउने भन्ने खेल शक्तिकेन्द्रहरुले पनि खेलिरहेका छन् । आफ्नो स्वतन्त्र हैसियत गुमाइसकेका संसदीय राजनीतिका सतहमा देखिएका खेलाडीहरुका खेल उनीहरुका स्वविवेकी होइनन् र छैनन् । यस्तो अवस्थामा दलाल संसदीय राजनीतिको मूलधारमा रहेका भनिएका वाम वा लोकतान्त्रिक गठबन्धन जसको जस्तो जित वा हार भएपनि यो मुलुकमा गरिखाने, हुँदाखाने श्रमजीवी जनताले पाउने स्थिति केही छैन । गरिखाने र हुँदा खानेहरुका मुक्ति र स्वतन्त्रताको लागि, समानता र स्वाभिमानका लागि मुलुकमा सच्चा कम्युनिष्ट क्रान्तिकारी पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न हुन जरुरी छ । त्यो क्रान्तिबाट स्थापित हुने नयाँ जनवादी व्यवस्थान्तर्गतको जनताको गणतन्त्रमा आधारित जनसंविधानले मात्र जनअधिकारको ग्यारेन्टी गर्न सक्छ । त्यो दिशातिर शक्ति संचय गरी अगाडि बढिरहेको शक्तिका विरुद्ध अनावश्यक रुपमा राज्यशक्ति परिचालन त गरिएको होइन ? ५२८ जना युवा उम्मेदवारहरुलाई निर्वाचन उपयोगरुपी संघर्षको मोर्चामा उतारेको देशभक्त जनगणतान्त्रिक मोर्चा वा नयाँ जनवादी क्रान्तिको तयारीमा अगाडि बढिरहेको नेकपा (क्रान्तिकारी माओवादी)लाई संसदवादीहरुले घेराबन्दी त गरिरहेका छैनन् ? सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुलाई एकताबद्ध र ध्रुवीकृत हुन नदिने र निर्मम दमनचक्र चलाएर क्रान्तिकारी शक्तिलाई तितरवितार पार्ने चालबाजीका साथ उनीहरुले कदम त चालिरहेका छैनन् ? सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु सचेत र सतर्क बन्नैपर्दछ । सही समयमा सही निर्णय लिँदै एकताबद्ध भएर अगाडि बढ्नु पर्दछ

# प्रतिनिधिसभा सदस्य उम्मेदवार नेतृ मुड्भरी अस्वस्थ



काठमाडौं । चुनावी प्रचार प्रसारमा व्यस्त रहेको समयमा अचानक स्वास्थ्यमा समस्या देखिएपछि नेकपा (क्रान्तिकारी माओवादी) को देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट नुवाकोट-२ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएकी क्रान्तिकारी महिला नेतृ लक्ष्मी मुड्भरी उपचारका लागि अस्पताल भर्ना हुनुभएको छ ।

प्राप्त जानकारी अनुसार चुनावी क्षेत्रमा मतदातासँग भोट माग्दै गरेको अवस्थामा शुक्रबार स्वास्थ्यमा समस्या देखिएपछि नेतृ मुड्भरी तत्कालै गंगालाल हृदयरोग केन्द्र बासबारीमा इमर्जेन्सी भर्ना भइ उपचार गराइरहनु भएको छ । चेकजाँच भइरहेको भए पनि रोगको पहिचान नभइसकेको उपचारमा संलग्न चिकित्सकहरुको भनाइ छ ।

यसैबीच, स्वास्थ्य समस्या उत्पन्न भएपछि नेतृ मुडभरीले आफ्नो मताधिकारको प्रयोग आफ्नै उम्मेदवारीको लागि समेत प्रयोग गर्न पाउनु भएन । नुवाकोट जिल्लाकी चर्चित महिला उम्मेदवार मुड्भरी आफ्नो निर्वाचन क्षेत्रमा लोकप्रिय उम्मेदवार हुनुहुन्छ ।

कांग्रेसका अर्जुन नरसिंह केसीसँग चुनावी मैदानमा उत्रिनु भएकी नेतृ मुड्भरीले करिब १ महिनादेखि निरन्तर मतदाताको घरघरमा गएर आफ्नो निर्वाचन चिन्ह "मुठ्ठी र पार्टी तथा मोर्चाका विचारहरुलाई प्रभावकारी रुपमा स्थापित गर्दै आफ्नो पक्षमा चुनावी माहौल बनाइरहुन भएको थियो । संसदीय व्यवस्था र अनैतिक तथा जनविरोधी राजनीतिको विकल्पमा आफूले उम्मेदवारी दिँदै आएकी नेतृ मुडभरी सिंगो माओवादी आन्दोलनकै एक जुझारु क्रान्तिकारी महिला नेतृ हुनुहुन्छ । उहाँ नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय सदस्य र अनेमसंघ (क्रान्तिकारी)को केन्द्रीय अध्यक्ष समेत हुनुहुन्छ ।

## क्रान्तिकारी...

ईलाका प्रहरी कार्यालयले पक्राउ गरी ६ गते विहान १० बजे छाडेको थियो । तर पुनः ७ गते बेलुका ७ बजे प्रहरीले पक्राउ गरी वेपत्ता वनाएको छ ।

नेता श्रेष्ठ भन्छन्, "उहालाई किन पुनः पक्राउ गरियो ? कहाँ र कस्तो अवस्थामा राखिएको छ, त्यो थाहा हुन सकेको छैन । पक्राउ परेको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय धरानका डिएसपि रामेश्वर पौडेलसँग बुझ्दा राईलाई पक्राउ गरिएको बारे आफूलाई थाहा नभएको जानकारी गराएको नेता श्रेष्ठको भनाइ छ । उनले एसपि विद्ययानन्द माझीसँग राईको गिरफ्तारीबारे बुझ्न खोज्दा फोन नउठाएको जनाए ।

सूर्य राई नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा परित्याग गरी ६ महिना अगाडि नै क्रान्तिकारी माओवादीमा प्रवेश गरेका थिए । उनको स्थिति तत्काल सार्वजनिक गरी विना सर्त रिहा नगरे अदालतमा मुद्दा हाल्ने चेतावानी नेता श्रेष्ठले दिएका छन् ।

राईलाई चुनावमा आफ्नो पार्टीका उम्मेदवारको पक्षमा शान्तिपूर्ण रुपमा चुनावी प्रचार प्रसारमा खटिइरहेको बेला विनाकारण धरपकड र गिरफ्तारी गरेको थियो । पक्राउ गरेलगत्तै क्रान्तिकारी माओवादीले वक्तव्य निकाली गिरफ्तारीको घोर भर्त्सना एवम् कडा शब्दमा निन्दा गरेको थियो । राई जिल्ला सदस्यका साथै सुनसरी १ नं. निर्वाचन क्षेत्र निर्वाचन परिचालन समितिको सचिवालय सदस्य समेत रहेको क्रान्तिकारी माओवादी सुनसरीले जनाएको छ ।

## विप्लव छोडी ...

नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् ।

विप्लव पार्टीका युवा नेता रघुवीरले शुक्रबार एक प्रेस वक्तव्य जारी गर्दै नेपालमा नयाँ जनवादी राज्यव्यवस्था स्थापित गर्नका निम्ति नेकपा (क्रान्तिकारी माओवादी)ले अगाडि सारेका नीति तथा कार्यक्रमप्रति सहमत हुँदै नयाँ जनवादी क्रान्तिको अभियानलाई सफल पार्न सच्चा कम्युनिष्टहरुबीचको एकता र ध्रुवीकरणको आवश्यकतालाई आत्मसात गर्दै क्रान्तिकारी माओवादीको झण्डामुनि गोलबद्ध भएको बताएका छन् ।

शुक्रबार जारी गरेको वक्तव्यमा उनले सबै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुलाई मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)को झण्डामुनि गोलबद्ध हुन आव्हान गर्दै भनेका छन्, "देश आज गम्भीर संकटबाट गुज्रीरहेको छ । राष्ट्रियता, जनजीवीकाका समस्या विकराल बन्दै गइरहेको छ । संसदीय दलहरु निर्वाचन जित्ने, आफ्नो स्वार्थको सत्ता कसरी टिकाउने भन्ने ध्याउन्नमा मात्र छन् । परम्परावादी र पुनरुत्थानवादी दलहरु जनताको हक अधिकारहरुलाई कुण्ठित पार्दै प्रतिक्रियावादी संसदीय व्यवस्थालाई अझ बलियो बनाउन तर्फ लागिरहेका छन् ।

वामपन्थी गठबन्धनको नाममा महान जनयुद्धले हासिल गरेका उपलब्धि र मूल्य मान्यताहरुलाई एमाले नेतृत्वको संशोधनवादमा विलिन गराई जनयुद्धको आदर्श र मानकलाई ध्वस्त बनाउने षड्यन्त्र भइरहेको छ भने अर्कोतर्फ एकीकृत जनक्रान्तिको नाममा मार्क्सवादका आधारभूत प्रस्थापनाका विपरीत कम्युनिष्ट आन्दोलनलाई गलत दिशामा लैजाने कार्य भइरहेको छ ।

देश र पार्टीका अगाडि आएको यो संकटको समाधान नयाँ जनवादी व्यवस्थाका लागि एउटा दह्रो कम्युनिष्ट केन्द्र र क्रान्ति नै हो । यस महान अभियानलाई सच्चा कम्युनिष्टहरुको एकता र ध्रुवीकरणका माध्यमबाट मात्र पुरा गर्न सकिन्छ र हामी सबैले यसतर्फ गम्भीरताका साथ पहल गर्न जरुरी छ । यस मर्मलाई आत्मसाथ गर्दै हालसम्म क्रियाशिल रहेको पार्टी नेपाल कम्युनिष्ट पार्टीको सबै जिम्मेवारी छाड्दै नेकपा (क्रान्तिकारी माओवादी) को नीति तथा कार्यक्रमप्रति सहमत हुँदै ध्रुवीकरणको प्रक्रियामा सहभागी भएको छु । सबै सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु अब क. मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) को झण्डामुनि गोलबद्ध भई क्रान्तिको निशर्त सेवामा लाग्न अपील गर्दछु ।

# कमरेड पाख्रिन आस्था र निष्ठाका युगीन व्यक्तित्व : इच्छुक प्रतिष्ठान



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली अध्यक्ष रहेको इच्छुक साँस्कृतिक प्रतिष्ठानले मंगलबार दिवंगत हुनुभएका जनगायक खुशीराम पाख्रिनप्रति बुधबार श्रद्धाञ्जली वक्तव्य जारी गर्दै जनकलाकार पाख्रिनलाई आस्था र निष्ठाका युगीन व्यक्तत्वको संज्ञा दिएको छ ।

इच्छुक साँस्कृतिक प्रतिष्ठानसँगै अखिल नेपाल जनसाँसकृतिक महासंघ, अखिल नेपाल जनकलाकार संघ र अखिल नेपाल लेखक संघको नाममा संयुक्त रुपमा जारी श्रद्धाञ्जली वक्तव्यमा भनिएको छ, "नेपाली प्रगतिवादी गीत संगीतको क्षेत्रमा अहम् योगदान दिएका क.खुसीराम पाख्रिन जनयुद्धको महान् प्रक्रियामा सहभागी भई निरन्तर क्रान्तिकारी धारालाई पक्रेर अविच्छिन्न यात्रामा यात्रारत सौन्दर्य साधक हुनुहुन्थ्यो । कालोबनको बीचैमा खेतालाको गाँउ ' हाम्रो देशको व्यवस्था हेर्न त्यहाँ जाँऊ, गैतीबेल्चा उचालेर, फाटेको जालैले छेकेको, सागर तर्ने यात्रीहरु खुट्टा काम्नु हुन्न जस्ता कालजयी गीत लेखेर सर्वहारावर्गको उन्मुक्तिका लागि सिँगै जीवन समर्पण गर्नु भयो । देश विदेशका अनेक गाँउ, क्षेत्र र गरीब श्रमजीवीका बीचमा आफ्ना गीतले क्रान्ति र परिवर्तनको सन्देश प्रवाहित गर्दै पाख्रिनले गीत, साहित्य, चिन्तन तीनै क्षेत्रमा अमूल्य योगदान पुऱ्याउनु भएको छ ।

जनयुद्ध र यसका सपनाको बीचैमा समाप्ति र प्रतिक्रान्तिका नायक पनि क्रान्तिकै नायक बन्ने स्थितिलाई वहाँले जोडदार विरोध गर्नु भएको छ । जनसाँस्कृतिक महासंघ, जनकलाकार संघ र इच्छुक साँस्कृतिक प्रतिष्ठान जस्ता साँस्कृतिक संस्थाको नेतृत्व गर्दै वहाँ वर्तमानमा पार्टीको केन्द्रीय सल्लाहकारका रुपमा निरवच्छिन्न क्रियाशील साँस्कृतिक यात्री रहिरहनु भयो । उहाँको असमयमै अचानक कार्य क्षेत्रमै हृदयघातबाट भएको मृत्यु जनवादी साँस्कृतिक आन्दोलनका लागि एउटा अपुरणीय क्षति नै हो । साँचो अर्थमा क. पाख्रिन जनवादी आन्दोलनका एक निष्ठा र आस्थाका युगीन व्यक्तित्व हुनुहुन्थ्यो ।

संगीत क्षेत्रका एक धरोहर/उहाँको अल्पायुमै भएको यो मृत्युले हामीलाई स्तम्भित पारेको छ । स्तब्ध तुल्याएको छ । क.खुसीराम पाख्रिनलाई श्रद्धान्जली र परिवारजनमा शोकाञ्जली र सम्वेदना प्रकट गर्दछौं । खुसीराम पाख्रिनलाई सही श्रद्धान्जली उहाँका गीत, कविता विचारमा पोखिएका सपनालाई पुरा गर्ने क्रान्तिकारी यात्रामा समाहित भएर मात्र हुनेछ । अलविदा प्रिय कमरेड खुसीराम पाख्रिन ।

## देजमो वैकल्पिक ...

यसैविच, छिटपुट घटनाका बीच पहिलो चरणको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सम्पन्न भएको छ । यो निर्वाचनबाट ६ वटा प्रदेशका ३२ जिल्लाका ३७ प्रतिनिधि सभासदस्य र ७४ प्रदेशसभा गरी यो निर्वाचनबाट १११ जना जनप्रतिनिधि चुनिनेछन् । पहिलो चरणको यो निर्वाचनमा जम्मा ७०२ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् । पहिलो चरणको पनि मतगणना दोस्रो चरणमा मंसिर २१ को निर्वाचन पछिमात्रै हुने निर्वाचन आयोगले यसअघि नै जनाइसकेको छ ।

पहिलो चरणको निर्वाचनमा जम्मा ३१ लाख ९१ हजार ९४५ मतदाता मताधिकारका लागि नाम लेखाएका थिए । पहिलो चरणको निर्वाचनका लागि दुई हजार ९१९ मतदान स्थलमा चार हजार ४६५ मतदान केन्द्रमार्फत मतदान गर्ने व्यवस्था निर्वाचन आयोगले मिलाएको थियो ।

### तिङ्लामा फेरि बहिस्कार

सोलुखुम्बुका तिङ्लाबासीले प्रतिनिधि र प्रदेशसभाको निर्वाचनसमेत बहिष्कार गरेका छन्। उनीहरुले स्थानीय तह निर्वाचन बहिष्कार गरेका थिए । राज्य पुनसंरचनाका क्रममा तिङ्लालाई नेचासल्यान गाउँपालिकामा राखेको विरोधमा तिङ्लाबासीले 'नो भोट, नो क्यान्डिट' अभियान अन्तर्गत मतदान बहिष्कार गरेका हुन् । २५ सय ७५ मतदाता रहेको गाउँका कसैले पनि मतदाता परिचयपत्र लिएका थिएनन्। तिङ्लाका कोही कसैले पनि प्रतिनिधिसभा र प्रदेशसभा चुनावको लागि मतदाता परिचय पत्र लिन नआएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

गुणस्तरीय खाद्यान्न खरीदको लागि संस्थानको गोदाम तथा स्टलबाट खरीद गर्नु हुन अनुरोध छ ।

नेपाल खाद्य संस्थान
प्रधान कार्यालय, काठमाडौं
फोन नं. ४२४८८८३




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।